का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ साउन २०८३
बुधबार
12 August 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# युवामय देश
## नीति र व्यवहारमा पुरानै ढर्रा



३६ वर्षका बालेन प्रधानमन्त्री छन् । संसद्मा युवाकै वर्चस्व छ । तर, युवामय संसद् र सरकारले अघि बढाएको नीति तथा कार्यक्रम र बजेटले युवाले खोजेजस्तो रोजगारीको कुरा गरेको छैन । उल्टै चार वर्षयताकै कम रकम विनियोजन गरिएको छ ।



"सरकारको नीति कार्यक्रम र बजेट हेर्दा युवाको नेतृत्वले युवाका सवाललाई उठाउन सकेको छैन । सरकारको चार महिनाको समयले आशा जगाएको देखिँदैन ।"

**डा.दीपेश घिमिरे**
विश्लेषक



"युवालक्षित कार्यक्रमलाई रोजगारी सिर्जना, सीप विकास र नवप्रवर्तनसँग जोडेर अघि बढाइने लक्ष्य सरकारको छ ।"

**डा. स्वर्णिम वाग्ले**
अर्थमन्त्री



"युवाको नेतृत्वमा सरकार बन्नु गौरवको विषय हो । तर, युवाका लागि बनेका संस्थागत संरचना नै बेवारिसे बनाइन्छन् भने नेतृत्वको औचित्यमाथि प्रश्न उठ्छ ।"

**सरोज बानियाँ**
अध्यक्ष, नेपाल युवा परिषद्

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ साउन

सिंहदरबारको शासन सत्ताको नेतृत्व ३६ वर्षीय युवा नेता वालेन्द्र शाह (बालेन)ले गरेका छन् । तीन दशकभन्दा बढी पुरानो पुस्ताको नियन्त्रणमा रहेको राज्यसत्ता अघिल्लो वर्ष भदौ २३-२४को 'जेनजी' आन्दोलनबाट ढलेसँगै सत्ता संरचनाको चाबी युवाको हातमा आइपुगेको हो । फागुन २१मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट संसद्मा युवाहरूको सानदार सहभागिताले सरकारमा पनि युवापुस्ताकै वर्चस्व स्थापित हुन पुग्यो । जेनजी आन्दोलनको जगमा उभिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)समेत वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदायो । निर्वाचनमार्फत करिब दुईतिहाइ बहुमत पाएको रास्वपा र सरकार हाँकिरहेका सोही दलका वरिष्ठ नेता बालेन शाहप्रति युवाआकर्षण अझै लोभलाग्दो छ ।

राष्ट्रिय युवापरिषद् ऐनले १६ देखि ४० वर्ष उमेर समूहलाई 'युवा'को परिभाषामा समेटेको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा ४० वर्ष मुनिका १०२ जना सांसद छन् । प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट ६१ जना र समानुपातिकतर्फबाट ४१ जना युवा सदनमा पुगेका छन् । तीमध्ये अधिकांश सांसद रास्वपाकै छन् । यी सांसद र मन्त्रीसँग युवाआकर्षणसँगै अपेक्षासमेत जोडिएको छ । यद्यपि राज्यको नेतृत्व तहमा युवाको उपस्थिति भए पनि युवामैत्री कानुन निर्माण र समृद्धिमा पृष्ठ २ मा

## सुकुम्वासीलाई फर्काइँदै गाउँ
# काठमाडौंमा छैन ठाउँ



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २६ साउन

काठमाडौंका नदीकिनारबाट विस्थापित सुकुम्वासीहरूलाई सरकारले गृहजिल्ला पठाउने तयारी गरेको छ । भूमि समस्या समाधान समितिले ५८ जना विस्थापित परिवारलाई नागरिकता लिएको जिल्ला पठाउने तयारी थालेको हो । उपत्यकाका नदीकिनारमा बसोबास गरी विस्थापित भएका परिवारहरूको सम्बन्धमा अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले संकलन गरेको डिजिटल विवरणका आधारमा गृहजिल्ला पठाउने प्रक्रिया थालेको समितिले जनाएको छ ।

सुकुम्वासी व्यवस्थापनको जिम्मेवारी लिएको अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अनुसार २ हजार ६०८ सुकुम्वासीले लगत संकलन गरेको थियो । त्यसमध्ये २ हजार २२० होल्डिङ सेन्टरबाहिरै छन् । तर, समितिले पटक-पटक सूचना जारी गर्दा पनि होल्डिङ सेन्टर नछाडेका ३८८ जनामध्ये ५८ जनालाई गृहजिल्ला पठाउनका लागि सम्बन्धित जिल्लामा जग्गा उपलब्ध गराउन भन्दै फाइल पठाइसकेको छ । विस्थापित परिवारहरूका लागि काठमाडौंमा खाली जग्गा नभएपछि गृहजिल्ला पठाउन लागिएको अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कार्यकारी पृष्ठ २ मा



"गृहजिल्ला नगए जग्गा पाइँदैन, राज्यले जग्गा दिन्छु भन्दा पनि लिन्न भन्नुहुन्छ उहाँहरू, जग्गा नलिन पनि सक्नुहुन्छ । बाउको सम्पत्ति चाहिँदैन भन्दै छोराले नलिन पनि त सक्छ नि !"

**बलभद्र बास्तोला**
अध्यक्ष, भूमि समस्या समाधान समिति



"विस्थापित परिवारका लागि काठमाडौंमा खाली जग्गा छैन, बागमतीलाई व्यवस्थित गर्न बस्ती हटाइएको हो, पुनः बस्ती बसाल्ने कुरा हुँदैहुँदैन ।"

**डा. आनन्दसिंह भाट**,
कार्यकारी अध्यक्ष, बागमती सभ्यता एकीकृत विकास समिति

**वैदेशिक रोजगार विशेष**

# कालोपट्टी बाँधेर व्यवसायीको विरोध, शुक्रबारदेखि आन्दोलन थप चर्काउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

वैदेशिक रोजगार व्यवसायीहरूले सरकारलाई माग पूरा गराउन दबाब दिने उद्देश्यले मंगलबार कालोपट्टी बाँधेर काम गरेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले राजधानीको सिफलस्थित कार्यालयमा कालो ब्यानर राखेर आफ्ना मागहरू सार्वजनिक गरेको छ भने कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले सामूहिक रूपमा कालोपट्टी बाँधेर विरोध जनाएका छन् । माग पूरा गर्न सरकारी पक्षबाट भइरहेको ढिलाइप्रति उनीहरूले असन्तुष्टि जनाएका छन् । आ-आफ्नो कार्यालयमा सञ्चालक तथा कर्मचारीले कालोपट्टी बाँधेर विरोध पनि जनाएका छन् ।

सोमबार वैदेशिक रोजगार विभाग ताहाचलमा शान्तिपूर्ण प्रदर्शन गरेका व्यवसायीले संघको आह्वानमा आगामी भदौ १ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउन रोक्ने निर्णय कार्यान्वयन गरिने बताएका छन् । संघले आफ्नो आन्दोलनप्रति सञ्चार क्षेत्र, नागरिक समाज, विभिन्न व्यावसायिक संस्था तथा श्रमिकहरूले समर्थन र ऐक्यबद्धता जनाएको बताएको छ ।

संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले सोमबार र मंगलबार केही म्यानपावर कम्पनीबाट पृष्ठ २ मा



पूर्वस्वीकृति लिएको देखिएपछि ती म्यानपावर कम्पनीलाई स्पष्टीकरण सोधिएको भन्दै आगामी शुक्रबारदेखि टोली नै गठन गरेर अनुगमन गरिने मध्यान्ह दैनिकलाई जानकारी दिए । संघले घटक संस्थाहरूबाट प्रतिनिधि तोकिएका व्यवसायीलाई अनुगमनको जिम्मेवारी दिने महासचिव डाँगीले बताए । संघको आह्वानमा हालसम्म ८ सय म्यानपावर कम्पनीले श्रमिक नउडाउने र श्रम स्वीकृति पनि नलिने प्रतिबद्धता पृष्ठ २ मा

## लोकतान्त्रिकमा गैरेलाई नचलाउनू : उच्च अदालत



**काठमाडौं/मस-** उच्च अदालत पाटनले लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्वाचनसम्बन्धी थप निर्णय तथा कामकारबाही नगर्नु-नगराउनु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाममा अन्तरिम आदेश जारी गरेको छ । गत असार ५ गते भएको निर्वाचनमा अध्यक्ष पदमा विजयी रामप्रसाद गैरेले दायर गरेको रिटमा मंगलबार न्यायाधीशद्वय विष्णुप्रसाद अर्याल र दीपक खनालको इजलासले अन्तरिम आदेश जारी गरेको हो । गैरेले किशोरकुमार केसी र जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंलाई विपक्षी बनाई गत साउन १२ गते उच्च अदालत पाटनमा रिट दायर गरेका थिए ।

मंगलबार निवेदक गैरेको तर्फबाट नेपाल बार एसोसिएसनका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता विजयप्रसाद मिश्र र अधिवक्ता दमनबहादुर चन्द तथा विपक्षी किशोरकुमार केसीको तर्फबाट अधिवक्ताहरू जयलाल पृष्ठ २ मा

**संकटका सारथी रोहित पौडेल**

# सफल कप्तानीमा अप्रत्याशित विराम

रोहितले कप्तानका रूपमा नेपाली टोलीलाई मात्र हाँकेनन्, बरु लाखौं नेपालीको मनमा नयाँ आशा र विश्वास पनि जगाए । उनको नेतृत्वमा नेपालले विश्वका शक्तिशाली टोलीहरूसँग खेल्ने मौका पनि पायो ।

- एकिदवसीय मान्यता जोगाउँदै विश्वकप क्वालिफायरमा छनोट
- एसिया कप र भारत-पाकिस्तानसँगको ऐतिहासिक भिडन्त
- लगातार दुई टी-२० विश्वकप यात्रा
- टेस्ट टोलीविरुद्ध ऐतिहासिक जित
- सर्वाधिक खेलमा नेतृत्वको कीर्तिमान




"गर्व, जोस र दृढताका साथ नेपाली क्रिकेट टोलीको नेतृत्व गरेकोमा धन्यवाद रोहित । कप्तानका रूपमा तिमीले छाडेको उपलब्धि, नेतृत्व र विरासतप्रति गर्व छ ।"

**पारस खड्का**
सचिव, नेपाल क्रिकेट संघ



"तिम्रो योगदान, प्रतिबद्धता र उपस्थिति सधैं मूल्यवान् रहनेछ । टोली र देशका लागि तिमीबाट अझ धेरै योगदान आउनेमा म विश्वस्त छु ।"

**सन्दीप लामिछाने**
कप्तान, नेपाली राष्ट्रिय क्रिकेट टोली (ओडिआई)



"केही यात्रा वर्षमा मापन हुन्छन्, तर केही यात्राले सदाका लागि विरासत छाड्छन् । हृदयदेखि नेतृत्व गरेकोमा र हामीलाई गर्व गर्ने यति धेरै कारण दिएकोमा धन्यवाद ।"

**दीपेन्द्रसिंह ऐरी**
कप्तान, नेपाली राष्ट्रिय क्रिकेट टोली (टी-२०आई)

**६३ एकदिवसीय खेल**
३१ जित, ३० हार, २ बराबरी

**५९ टी-२०आई खेल**
३३ जित, २१ हार, ३ बराबरी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ साउन

मैदानमा जित-हार भइरहन्छ, कप्तान पनि समयक्रममा फेरिन्छन् । तर, केही कप्तानले टोलीलाई दिएको नेतृत्व, कठिन समयमा देखाएको साहस र देशलाई दिलाएका सफलता लामो समयसम्म सम्झनामा रहन्छन् ।

नेपाली राष्ट्रिय क्रिकेट टिमका सबैभन्दा सफल कप्तानमध्येका एक रोहितकुमार पौडेल त्यस्तै पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ साउन २०८३ बुधबार
12 August 2026 Wednesday

# एमाले र नेकपाद्वारा प्रदेश सरकारमा मन्त्रालय बाँडफाँटको आधार तय

काठमाडौं/मस-नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच प्रदेश सरकारमा सहकार्य गर्ने सन्दर्भमा भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न मन्त्रालय बाँडफाँटको प्रस्तावित आधार तय गरेको छ।

एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा हस्ताक्षरित विज्ञप्तिमा प्रदेश सरकार गठन गर्दा सम्बन्धित प्रदेशसभामा सामान्यतया प्रत्येक दलको सिट संख्यालाई मुख्य आधार मानिने जनाइएको छ।



मन्त्रालय बाँडफाँट गर्दा भने सामान्यतया दलहरूको प्रदेशसभा सदस्य संख्याको अनुपातलाई आधार बनाइने प्रस्ताव गरिएको छ। मुख्यमन्त्री तथा सभामुखको जिम्मेवारीलाई समेत शक्ति सन्तुलनमा गणना गरिने उल्लेख छ।

मन्त्रालय बाँडफाँटमा पालैपालो प्राथमिकता दिने व्यवस्था अपनाइने प्रस्ताव छ। जसअनुसार पहिलो मन्त्रालय मुख्यमन्त्रीको जिम्मेवारी नलिने दलले छनोट गर्ने र दोस्रो मन्त्रालय मुख्यमन्त्री रहने दलले छनोट गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यसपछि यही क्रम पालैपालो दोहोर्याउँदै सबै मन्त्रालयको बाँडफाँट गरिने दुई दलले जनाएका छन्। यही साउन ९ गते दुई दलबीच प्रदेश सरकारहरूको नेतृत्वका सम्बन्धमा शीर्ष तहमा सहमति भएको थियो।

# सुनसरी र सिरहा घटनामा मृत्यु भएकालाई सहिद घोषणा गरिने

**काठमाडौं/मस**-सरकारले सुनसरी र सिरहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका चारजनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्रकुमार मेहता तथा सिरहाका गनेशकुमार यादवलाई सहिद घोषणा गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए।



बैठकले वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा बाराका निर्मलकुमार उप्रेतीलाई नियुक्त गर्ने निर्णय गरेको छ। त्यस्तै, पोर्चुगल सरकारलाई काठमाडौंमा कन्सुलर कार्यालय खोल्न सहमति दिने निर्णय भएको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिए।

यसैगरी, मन्त्रिपरिषद् बैठकले नेपालभित्र पैठारी वा उत्पादन हुने विद्युतीय एम्बुलेन्स तथा शववाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छुट दिने निर्णय गरेको छ।

# घारखोलाको विद्युत्गृहमा सुक्खा पहिरो एकजनाको मृत्यु

**म्याग्दी/मस**-म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरमा रहेको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृहमा आज पहिरोले पुरिँदा एकजनाको मृत्यु भएको छ।

विद्युतगृहमा कार्यरत एकजना प्राविधिक घाइते भएका छन् भने एकजनाको सकुशल उद्धार गरिएको छ। म्याग्दी हाइड्रोपावर प्रवर्धक रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृहका उपकरणमा क्षति पुगेपछि उत्पादन बन्द भएको छ।

पहिरोमा पुरिएर बेपत्ता भएका विद्युत्गृहमा सुरक्षागार्डको रूपमा कार्यरत अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरका ५५ वर्षीय दीपक बरुवाल (खेमराज) को कार्यस्थलमै शव भेटिएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिए।

उनका अनुसार बिहान ३:३५ को समयमा विद्युत्गृह माथिबाट खसेको ढुंगा माटोसहितको सुक्खा पहिरोमा पुरिएका बरुवालको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यको नेतृत्वमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलको टोलीले डोजर परिचालन गरेर एक घण्टाको प्रयासमा निकालेर परीक्षणका लागि प्रदेश अस्पताल बेनीमा पठाइएको छ।

**झ्यालबाट हामफालेर ज्यान जोगाए**

विद्युत्गृहमा काम गरिरहेको अवस्थामा एक्कासी पहिरो खसेपछि झ्यालबाट हामफालेर भाग्ने क्रममा घाइते भएका इलेक्ट्रिकल ओभरसियर गौरीगंगा नगरपालिका-५ का ३१ वर्षीय सुरेन्द्र विकको प्रदेश अस्पताल बेनीमा उपचार भइरहेको छ।

सिफ्ट इन्चार्जसमेत रहेका अर्का इलेक्ट्रिकल ओभरसियर पाल्पाको निस्दी गाउँपालिका-५ का २४ वर्षीय छविलाल अर्यालले विद्युतगृहमा थुनिएको अवस्थामा रसिको सहायताले बाहिर निस्कन सफल भएको बताए।

पहाड काटेर बनाइएको विद्युत्गृहभन्दा माथि रहेको पहाड भत्किएर पहिरो खसेको छ। अन्नपूर्ण गाउँपालिकाको ५ र ६ नम्बर वडाको सिमाना कुरिलाबगरमा बाँध रहेको आयोजनामा तीन हजार ५०० मिटर लामो सुरुङबाट ल्याइएको पानी ४८५ मिटर उचाइबाट एक हजार २०० मिटर लामो पेनस्टक पाइपमार्फत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिएको थियो।

२०७४ देखि निर्माण सुरु भई २०८० असार महिनादेखि विद्युत् उत्पादन थालेको आयोजनाले सर्वसाधारणका लागि सेयर जारी गर्ने अन्तिम तयारीमा रहेको अवस्थामा प्राकृतिक विपद्का कारण क्षति ब्यहोर्नुपरेको हो। प्रहरी निरीक्षक तिमिल्सिनाले आयोजनामा पुगेको क्षतिको मूल्यांकन सुरु गरिएको र पूर्ण विवरण आउन केही समय लाग्ने बताए।

## युवामय...

युवाशक्तिको परिचालनमा अपेक्षित उपलब्धि भने भएको देखिँदैन। ३६ वर्षका प्रधानमन्त्री बालेन नेतृत्वको सरकारमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन, अर्थमन्त्री स्वर्णिम वाग्ले र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठबाहेक अधिकांश मन्त्री ४० वर्षमुनिकै छन्। सुशासन, रोजगारी, देश विकासका पक्षमा प्रश्न गर्ने युवा आफैं सत्ता सम्हाल्ने ठाउँमा पुगेपछि युवापुस्तामा बढेको उत्साह र सरकारप्रतिको जनविश्वास चार महिनामै ओरालो लागेको विज्ञहरू बताउँछन्। कुल जनसंख्याको ४२ प्रतिशत युवा रहेको देशको शासनसत्ता युवाहरूकै हातमा रहे पनि कताकता तालमेल नमिलेको नेपाल युवा परिषद्का अध्यक्ष सरोज बानियाँले बताए। कानुन, शिक्षा, श्रम, भौतिक पूर्वाधारलगायत नीति निर्माण गर्ने महत्वपूर्ण मन्त्रालय युवा पुस्ताले सम्हालिरहेका छन्। राज्यसत्तामा देखिएको युवाकै अभूतपूर्व उपस्थितिले युवायुग सुरु भएको सन्देश दिए पनि युवावर्गलाई उत्साह ल्याउने नीति सरकारबाट नआएको उनको टिप्पणी छ।

अहिलेको सरकारको युवानीति तथा कार्यक्रम विगतका सरकारभन्दा कमजोर रहेको सो क्षेत्रका विज्ञ बताउँछन्। सत्ता संरचनामा युवाको अनुहार देखिए पनि युवाको आत्मा हराउँदै गएको अध्यक्ष बानियाँले दाबी गरे।

'युवाको नेतृत्वमा सरकार बन्नु गौरवको विषय हो,' उनले भने, 'तर, युवाका लागि बनेका संस्था नै बेवारिसे बनाइन्छन् भने त्यो नेतृत्वको औचित्यमाथि नै गम्भीर प्रश्न उठ्छ।' सरकारले युवा तथा खेलकुद मन्त्रालय हटाएको र राष्ट्रिय युवा परिषद्लाई कमजोर बनाउँदै गएकोप्रति उनले आपत्ति जनाए।

सरकारले भने आगामी आर्थिक वर्ष २०८३/०८४को बजेटमार्फत युवालक्षित कार्यक्रमलाई प्राथमिकतासाथ अघि सारेको दाबी गरेको छ। सरकारले अध्ययनबाट वञ्चित खुला विश्वविद्यालयमार्फत युवालाई अध्ययनको अवसर प्रदान गर्ने दाबी गरेको हो। त्यस्तै, विभिन्न विषयगत छोटो अवधिका तथा कार्यस्थल-आधारित तालिममार्फत सीपयुक्त बनाउने कार्यक्रम सञ्चालन गर्ने सरकारको लक्ष्य छ। कृषि तथा पशुजन्य उद्यम गर्न इच्छुक युवालाई प्रोत्साहन गर्न एक हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा उपलब्ध गराइने बजेटमा उल्लेख छ। युवा वैज्ञानिकलाई स्वदेशमै अनुसन्धान गर्ने अवसर प्रदान गर्न अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता अभिवृद्धि कार्यक्रमका लागि बजेट विनियोजन गरेको अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले बताएका छन्। 'युवा लक्षित यी कार्यक्रमलाई रोजगार सिर्जना, सीप विकास र नवप्रवर्तनसँग जोडेर अघि बढाइने लक्ष्य सरकारको छ,' अर्थमन्त्री वाग्लेले भने। यद्यपि दैनिक हजारौं युवा बिदेसिनुपरेको विषयमा सरकार मौन छ।

नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानकक्षमा अहिले पनि उत्तिकै भिडभाड छ। बिदेसिने युवाको संख्या घट्न नसक्नुमा युवा नेतृत्वप्रतिको अपेक्षामाथि निराशा उत्पन्न भएको सरोकारवाला बताउँछन्। 'प्रत्येक दिन युवा आफ्नो परिवार, गाउँ, सपना र देशै छोडेर बाहिरिन बाध्य छन्। यसको मूल कारण राज्यले उनीहरूलाई स्वदेशमै सम्भावना देखाउन नसक्नु नै हो,' अध्यक्ष बानियाँले भने।

'राष्ट्रिय युवा नीति, २०८२'को परिच्छेद २को दफा २.६.२२ले नीति निर्माणदेखि कार्यान्वयनसम्मका चरणमा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने रणनीति तय गरिएको छ। कानुन र नीति निर्माणको सर्वोच्च थलो प्रतिनिधिसभामा र राज्य सञ्चालनको कार्यकारी तहमा युवा पुस्ताको बलियो उपस्थिति हुँदासमेत युवाको पक्षमा देखिने गरी काम नभएको विश्लेषक डा.दीपेश घिमिरे बताउँछन्।

विगत एक वर्षअघिसम्म नेपालको राजनीतिबाहेक अरू सबै क्षेत्रमा युवाको हस्तक्षेप रहेको र जेनजी विद्रोहपछि राजनीतिमासमेत युवाको हस्तक्षेप बढेको उनको भनाइ छ। 'पछिल्लो एक वर्षमा राजनीतिमा समेत छलाङ मारेको युवाको नेतृत्वले परिणाम दिन सक्छ कि सक्दैन भन्ने मुख्य सवाल हो,' उनले मध्यान्हसँग भने, 'यो सरकारको नीति कार्यक्रम र बजेट हेर्दा युवाको नेतृत्वले युवाका सवाललाई उठाउन सकेको छैन।' युवाको उद्यमशलता विकास र रोजगारीको एजेन्डामा कमजोर रहेको उनको टिप्पणी छ।

चार महिनाकै अवधिमा सरकारबाट सबै अपेक्षा प्राप्त हुन नसक्ने भएपनि सुरुवाती चरण सकारात्मक देखिनुपर्ने उनी बताउँछन्।

'परिवर्तित राजनीतिक नेतृत्वबाट इनोभेसन, शिक्षा, स्वास्थ्य, रोजगारको क्षेत्रमा युवाले खोजेको सबै प्राप्ति नभए पनि सुरुवात देखिनुपर्ने हो, सरकारको यो चार महिनाको समयले आशा जगाएको देखिँदैन,' उनले भने।

पछिल्ला चार आर्थिक वर्षमा राष्ट्रिय युवा परिषद् र युवा परिचालन कार्यक्रमका लागि संघीय सरकारले विनियोजन गरेको बजेटमा उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०७९/०८०मा कुल १० करोड ७८ लाख रुपैयाँ रहेको बजेट २०८०/०८१मा घटेर ७ करोड ४७ लाख रुपैयाँमा सीमित बनाइयो। २०८१/०८२ मा बजेट उल्लेखनीय रूपमा बढेर १६ करोड २७ लाख रुपैयाँ पुग्यो। २०८२/०८३मा फेरि घटेर युवा क्षेत्रको रकम १० करोड ४१ लाख रुपैयाँमा झरेको थियो।

आर्थिक वर्ष २०८३/०८४मा युवा मामिला युवा, श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत समायोजन गरिएसँगै चालु र पुँजीगत गरी जम्मा ६ करोड ३५ लाख रुपैयाँ मात्रै विनियोजन गरिएको छ। जुन पछिल्ला चार वर्षकै सबैभन्दा न्यून बजेट रहेको देखिन्छ।

सरकारले आफ्नो १०० बुँदे 'शासकीय सुधार कार्यसूची' सार्वजनिक गर्दै युवा वर्ग, रोजगारी सिर्जना, स्टार्टअप प्रवर्धन र वैदेशिक रोजगारीबाट फर्किएकाहरूको व्यवस्थापनमा महत्वाकांक्षी योजना अघि सारेको थियो। जसअनुसार देशभरका विद्यमान रोजगार सेवा केन्द्रलाई ६० दिनभित्र 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'मा रूपान्तरण गर्ने भनेको थियो। उक्त केन्द्रहरूले बेरोजगारहरूको दर्ता मात्र नगरी स्थानीय सीपको नक्सांकन, तालिम समन्वय र उद्यमशीलताका लागि सहजीकरण गर्ने सरकारको योजना थियो। वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनर्एकीकरणका लागि ती केन्द्रले मुख्य भूमिका खेल्ने कार्यसूचीमा उल्लेख छ। तर, सरकार आफ्नै १०० बुँदे कार्यसूचीमा समेटेका युवालक्षित कार्यक्रमलाई समेत कार्यान्वयन गर्नबाट चुकेको छ। यो सरकार युवाको सीप तथा उद्यमशीलता विकास, रोजगारी र स्टार्टअप प्रवर्धनका एजेन्डामा कमजोर देखिएको विश्लेषक घिमिरेको बुझाइ छ।

अर्थात्, पुस्तान्तरणको अर्थ कुर्सीमा बस्ने व्यक्तिको उमेर घट्नु होइन। त्यसले राज्यको सोच, प्राथमिकता, नीति र काम गर्ने शैलीमा पनि परिवर्तन ल्याउनुपर्छ।

नेपालमा युवाले खोजेको रोजगारी हो। शिक्षा प्रणालीलाई रोजगारी र सीपसँग जोड्ने नीति हो। उद्यमशील युवालाई पुँजी, बजार र प्रविधिसम्म पहुँच दिनु हो। सरकारी सेवा र प्रशासनलाई पुरानो फाइल र प्रक्रियाबाट निकालेर डिजिटल र परिणाममुखी बनाउनु हो। तर, युवामय देश हुँदा पनि प्रश्न यसमै छ।

## सुकुम्वासीलाई...

अध्यक्ष डा.आनन्दसिंह भाट बताउँछन्। उनी भन्छन्, 'नदीकिनारको बागमती क्षेत्रमा पुनः सुकुम्वासीलाई राख्ने भन्ने कुरा हुँदैन। सुकुम्वासीहरूले कुनै क्षेत्रमा खाली जग्गा पहिचान गरेका छन् भने फरक कुरा होला।'

काठमाडौं उपत्यकाभित्र बागमती र यसका सहायक नदीनालालाई स्वच्छ, सफा र हराभरा बनाएर नदी किनारमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका धरोहर जगेर्ना गर्नका लागि अव्यवस्थित बस्ती हटाइएको उनले बताए। 'बागमती नदीको किनारामा बहाव क्षेत्र कायम हुनेगरी पूर्वाधार निर्माणका काम भइरहेका छन्, हरितक्षेत्र निर्माण प्रक्रिया अघि बढाइएको छ,' उनले भने, 'पुनः बस्ती बसाल्ने कुरा हुँदैहुँदैन।'

उपत्यकाका नदीकिनारबाट हटाइएका भूमिहीन सुकुम्वासीले भने कुनै स्पष्ट पुनर्स्थापना योजना र सहमतिबिना जबरजस्ती सम्बन्धित जिल्लामा फर्काउन लागिएको भन्दै आपत्ति जनाएका छन्। दशकौंदेखि काठमाडौंमा बसोबास गर्दै आएका सुकुम्वासी परिवारको रोजगारी, बालबालिकाको शिक्षा, स्वास्थ्य र सामाजिक सम्बन्ध यहीँ जोडिएकाले विनायोजना जिल्ला फर्काउनु पुनः विस्थापन मात्र हुने सुकुम्वासी अधिकारकर्मीको तर्क छ।

विभिन्न होल्डिङ सेन्टरमै आश्रित रहेका सुकुम्वासी र सम्बन्धित स्थानीय तहलाई जग्गा उपलब्ध गराउनका लागि पत्राचार गरिएको समितिका अध्यक्ष बलभद्र बास्तोलाले जानकारी दिए। प्रचलित कानुनबमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागमार्फत देशैभर ती परिवारको नाममा घरजग्गा रहेको वा नरहेको छानबिन गरिएको थियो।

छानबिनका क्रममा मालपोत कार्यालयको 'एलआरआइएस' प्रणालीमार्फत देशैभर कतै पनि जग्गा नभेटिएका भूमिहीन प्रमाणित व्यक्तिहरूलाई गृहजिल्ला पठाएको उनले बताए। 'विस्थापित सुकुम्वासीको स्थायी ठेगाना भएको जिल्लामा जग्गा उपलब्ध गराउन समन्वय गरिरहेका छौं,' उनले भने, 'कोही जानुभयो, कोही जाँदै हुनुहुन्छ होला।' स्वीकृत सूचीअनुसार जग्गा व्यवस्थापनका लागि सम्बन्धित जिल्ला र पालिकामा फाइल पठाइएको समितिले जनाएको छ। उपत्यका छाड्न नचाहने विस्थापितहरूको अवस्थामा के हुन्छ? भन्ने प्रश्नमा अध्यक्ष बास्तोलाले भने, 'गृहजिल्ला नगए जग्गा पाउनुहुँदैन, बाउको सम्पत्ति चाहिँदैन भन्दै छोराले नलिन पनि त सक्छ नि! राज्यले जग्गा दिन्छु भन्दा पनि लिन्न भन्नुहुन्छ, उहाँहरूले जग्गा नलिन पनि सक्नुहुन्छ।'

जग्गा लिएको र नलिएको भन्ने बारेमा पुर्जा लिएपछि समितिकै सिस्टमले देखाउने उनले बताए। छानबिका क्रममा मालपोतको प्रणालीमार्फत ५१ जनाको अरू जिल्लामा जग्गा भेटिएको छ। जग्गा भेटिएकाहरूलाई जग्गा उपलब्ध गराउन नसकिने उनले बताए। 'अन्य जिल्लामा जग्गा देखिएको हकमा उनीहरू सुकुम्वासी भएनन्,' उनले भने, 'जग्गा दिन मिल्दैन, उहाँहरूलाई जग्गा भएका ठाँउमा फर्काउँछौं।'

सरकारले विशेषगरी विस्थापित सुकुम्वासीलाई व्यवस्थापन गर्नको लागि गत जेठ १९ गते भूमि समस्या समाधान समिति गठन गरेको थियो। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले संकलन गरेको डिजिटल विवरणका आधारमा सुकुम्वासी समस्या समाधान समितिले गृहजिल्ला फर्काउनका लागि सम्बन्धित निकायमा फाइल पठाउने काम गरिरहेको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आदेश र अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले संकलन गरेको डिजिटल तथ्यांकअनुसार यो प्रक्रिया अघि बढाइएको हो।

## कालोपट्टी...

जनाएका छन्। संघले आन्दोलन अघि बढाउन प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ।

संघले वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित समसामयिक विषयहरू, इजाजतपत्रवाला संस्थाहरूलाई विभागले गरेको कारबाही, वैदेशिक रोजगार क्षेत्रमा देखिएका विकृति तथा गलत गतिविधिहरू, नेपाली श्रमिक तथा व्यवसायीका हकहितसँग सम्बन्धित नीतिगत सुधारका विषयहरूमा तत्कालै सम्बोधन हुनुपर्नेसहित विभिन्न १५ वटा माग सार्वजनिक गरेको छ।

वैदेशिक रोजगार क्षेत्र सुधारका माग अगाडि सारेको संघले नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन सम्भव नभएको बताएको छ।

संघले विशेष परिस्थितिमा सरकारको निर्णय मान्दा विभिन्न मितिमा ७६१ म्यानपावर कम्पनीलाई विभागद्वारा गरिएको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने, सेवाशुल्क परिमार्जन र हवाई भाडा भ्याटमा छुटका मुख्य मागमा सरकारले ठोस काम गर्नुपर्ने अडान राखेको छ।

## लोकतान्त्रिकमा...

भण्डारी, भेष केसी र सिसम कुँवरले गरेको बहसपछि निवेदनको अन्तिम टुंगो नलागुन्जेलसम्म एसोसिएसनको सम्पन्न अध्यक्ष निर्वाचनसम्बन्धी थप निर्णय तथा कामकारबाही नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी भएको हो। यस आदेशले एसोसिएसनको अध्यक्षमा गैरेलाई कायम गरेको छ। यसअघि उच्च अदालत पाटनले जिल्ला प्रशासन कार्यालय काठमाडौंले अध्यक्षको जिम्मेवारी पाएका किशोर केसीको पक्षमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको थियो।

गैरे वैदेशिक रोजगार मुद्दामा दोषी देखिएको पुरानो फैसला सार्वजनिक भएपछि केसीले एसोसिएसनका प्रथम उपाध्यक्ष सुवर्ण लामा, शंकरप्रसाद आचार्य तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंविरुद्ध उच्च अदालत पाटनमा असार ३१ गते दायर गरेको निषेधाज्ञा रिटमा न्यायाधीशद्वय स्वीकृति पराजुली र नेत्रप्रकाश आचार्यको इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो। उक्त रिटको फैसला हुन बाँकी छ।

अदालतबाट आदेश पाएका गैरेले बुधबारदेखि उक्त आदेश कार्यान्वयनमा लैजाने बताए।

## सफल...

कप्तान बनेका छन्। संकटको समयमा राष्ट्रिय टोलीको जिम्मेवारी सम्हालेर नेपाली क्रिकेटलाई ऐतिहासिक सफलतातर्फ डोर्याएका रोहित अब कप्तानको भूमिकाबाट बाहिरिएका छन्।

रोहितले कप्तानका रूपमा नेपाली टोलीलाई मात्र हाँकेनन्, बरु लाखौं नेपालीको मनमा नयाँ आशा र विश्वास पनि जगाए। उनको नेतृत्वमा नेपालले विश्वका शक्तिशाली टोलीहरूसँग खेल्ने मौका पनि पायो। कप्तानीको यो जिम्मेवारीबाट बाहिरिँदा पनि उनी नेपाली क्रिकेटप्रेमीका लागि सधैं 'लिडर' नै रहनेछन्।

नेपाल क्रिकेट संघ (क्यान)ले एसिसी मेन्स प्रिमियर कपको टोली घोषणा गर्ने क्रममा रोहितको स्थानमा सन्दीप लामिछानेलाई पुनः एकदिवसीय टोलीको कप्तान नियुक्त गरेको छ। यसअघि नै क्यानले टी-२० टोलीको कप्तानी दीपेन्द्रसिंह ऐरीलाई सुम्पिइसकेको हुनाले अब रोहित राष्ट्रिय टोलीको कप्तानी भूमिकाबाट बाहिरिएका छन्।

**संकटका बेला टोलीका सारथी**

सन् २०२२ नोभेम्बर १४ मा युएईविरुद्धको खेलबाट रोहितले पहिलोपटक नेपाली टोलीको कप्तानी सम्हालेका थिए। क्रिकेटर सन्दीप लामिछानेमाथि बलात्कारको आरोप लागेपछि नेपाली टोली एक कठिन र अन्योलपूर्ण अवस्थामा थियो। त्यस्तो संवेदनशील समयमा मात्र २० वर्ष ७३ दिनको उमेरमा रोहितले कप्तानको जिम्मेवारी पाए। उनी एकदिवसीय अन्तर र्राष्ट्रिय क्रिकेट इतिहासमै विश्वकै दोस्रो सबैभन्दा कान्छो कप्तान बनेका थिए। उनीभन्दा अगाडि अफगानिस्तानका रासिद खान मात्र छन्।

जब रोहित कप्तान बने, तब आइसिसी विश्वकप लिग-२ मा नेपाल निकै संघर्ष गरिरहेको थियो। नेपालको एकदिवसीय मान्यता नै संकटमा थियो। तर, रोहितको उत्कृष्ट नेतृत्वमा नेपालले चामत्कारिक खेल प्रदर्शन गर्‍यो। लिग-२को अन्तिम १२ मध्ये ११ खेलमा जित निकाल्दै नेपालले सनसनीपूर्ण पुनरागमन गर्‍यो। यो असाधारण यात्राले नेपालको एकदिवसीय मान्यता मात्र जोगाएन, टोलीलाई जिम्बावेमा भएको विश्वकप क्वालिफायरसम्म पुर्‍यायो।

करिब चार वर्षको अवधिमा रोहितको कप्तानीमा नेपालले क्रिकेट मैदानमा अनेकौं ऐतिहासिक कीर्तिमानी रच्यो। रोहितकै कप्तानीमा नेपालले सन् २०२३मा पहिलोपटक एसिसी प्रिमियर कपको उपाधि जित्यो। त्यस जितसँगै नेपालले पहिलोपटक एसिया कप खेल्दै भारत र पाकिस्तानजस्ता शक्तिशाली टोलीहरूसँग खेल्ने ऐतिहासिक अवसर पाएको थियो।

रोहितकै नेतृत्वमा नेपालले लगातार दुईपटक आइसिसी टी-२० विश्वकप खेल्यो। उनकै कप्तानीमा नेपालले पहिलोपटक आइसिसी टी-२० विश्वकप एसिया तथा इएपिए छनोटको उपाधि जितेको थियो।

गत वर्षको सेप्टेम्बरमा रोहितकै कप्तानीमा नेपालले पहिलोपटक टेस्ट टोली वेस्ट इन्डिजविरुद्धको टी-२०आई शृंखला २-१ले जित्न सफल भयो।

रोहित नेपालका लागि दुवै ढाँचा (एकदिवसीय र टी-२०) गरी सर्वाधिक १२२ खेलमा कप्तानी गर्ने खेलाडी बनेका छन्। उनको कप्तानीमा नेपालले ६३ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेल्यो। त्यसमध्ये नेपालले ३१ खेल जित्दा ३० खेलमा पराजय व्यहोरेको थियो। त्यसक्रममा नेपालले दुई एकदिवसीय खेल बराबरी खेल्यो।

रोहितले ५९ टी-२० आई खेलमा टोलीको नेतृत्व गरे, जसमा नेपालले ३३ खेलमा जित र २१ खेलमा हार व्यहोर्नुपर्‍यो। नेपालले तीन टी-२०आई खेलमा अंक बाँडेको थियो।

कप्तानीको ठुलो दबाबबीच पनि रोहितले ब्याटबाट निरन्तर योगदान दिए। उनले कप्तानका रूपमा खेलेका ६३ एकदिवसीय खेलमा १ शतक र ७ अर्धशतकसहित कुल १ हजार ५ सय रन बनाए।

**सहकर्मीको सम्मान**

रोहित कप्तानीबाट बिदा भएसँगै क्यान र उनका सहकर्मी क्रिकेटरले सामाजिक सञ्जालमार्फत निकै हार्दिक र भावुक सन्देश पठाउँदै उनलाई धन्यवाद दिएका छन्।

क्यानले रोहितलाई धन्यवाद दिँदै उनको कप्तानीमा हासिल भएका उपलब्धिलाई सम्झिएको छ। क्यानले भनेको छ, 'राष्ट्रको आशा बोकेर जोस, समर्पण र दृढताका साथ नेपाललाई नेतृत्व गरेकोमा धन्यवाद रोहित। पुरुष राष्ट्रिय टोलीको कप्तानका रूपमा तिम्रो नेतृत्वमा हामीले महत्वपूर्ण उपलब्धि हासिल गर्‍यौं र नेपाली क्रिकेट यात्राको गर्विलो हिस्सा बनेका थुप्रै क्षण सिर्जना गर्‍यौं।'

क्यानले रोहितको टोली, देश र क्रिकेटप्रतिको प्रतिबद्धता सधैं प्रेरणादायी रहेको उल्लेख गरेको छ। क्यानले अन्त्यमा लेखेको छ- 'वान्स अ लिडर, अल्वेज अ लिडर'।

क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले रोहितको नेतृत्वले नयाँ पुस्तालाई प्रेरित गरेको बताएका छन्। उनले भनेका छन्, 'गर्व, जोस र दृढताका साथ नेपाली क्रिकेट टोलीको नेतृत्व गरेकोमा धन्यवाद रोहित। कठिन समयहरूबीच पनि तिमीले नेपाललाई अभूतपूर्व उचाइमा पुर्‍यायौ र मैदानभित्र तथा बाहिर एउटा पुस्तालाई प्रेरित गर्‍यौ। कप्तानका रूपमा तिमीले छाडेको उपलब्धि, नेतृत्व र विरासतप्रति गर्व छ। नेपाललाई अझै तिम्रो चम्किलो योगदानको आवश्यकता रहनेछ, जसरी तिमी सधैं चम्किँदै आएका छौ।'

रोहितकै कप्तानीमा खेलेका र अहिले पुनः ओडिआई कप्तानको जिम्मेवारी पाएका सन्दीप लामिछानेले रोहितको योगदानको कदर गरेका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'टोलीका लागि तिमीले गरेका सबै कुरा र हरेक क्षणमा हामीलाई जसरी नेतृत्व गर्‍यौ, त्यसका लागि धन्यवाद रोहित भाइ। तिम्रो योगदान, प्रतिबद्धता र उपस्थिति सधैं मूल्यवान् रहनेछ। टोली र देशका लागि तिमीबाट अझ धेरै योगदान आउनेमा म विश्वस्त छु।'

टी-२०आई टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले रोहितको विरासतलाई स्मरण गरेका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'केही यात्रा वर्षमा मापन हुन्छन्, तर केही यात्राले सदाका लागि विरासत छाड्छन्। यति कम उमेरमै उनले खेल र देशका लागि धेरै कुरा दिए। उनको योगदानलाई केवल तथ्यांक, उपाधि वा जितबाट मापन गर्न सकिँदैन। उनले लाखौं क्रिकेटप्रेमीमा जगाएको आशा र विश्वास अझ महत्वपूर्ण छ। हृदयदेखि नेतृत्व गरेकोमा र हामीलाई गर्व गर्ने यति धेरै कारण दिएकोमा धन्यवाद।'

रोहित कप्तानीबाट हटे पनि खेलाडीका रूपमा भने टोलीमा यथावत् छन्। क्यानले एसिसी प्रिमियर कपका लागि घोषणा गरेको नेपाली टोलीमा उनी अटाएका छन्। यता, एकदिवसीय कप्तानीमा पुनः फर्किएका सन्दीपलाई भने रोहितले जसरी एकदिवसीय मान्यता जोगाउने ठुलो चुनौती छ।

# एनसेलको सेयर खरिद–बिक्री छानबिन प्रतिवेदन सार्वजनिक गरिने

**काठमाडौं/मस–** सरकारले एनसेल आजियाटाको सेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले प्रतिवेदन सार्वजनिक गर्नुका साथै त्यसमा उल्लेखित सुझाव कार्यान्वयन गर्ने निर्णय गरेको हो।

पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित समितिले तयार पारेको प्रतिवेदनमा एनसेलको स्थापना भएदेखि हालसम्म भएका सेयर तथा स्वामित्व परिवर्तन, विदेशी लगानी, लाभांश प्रवाह, कर तथा गैरकर दायित्व, नियामकीय अनुपालन र पछिल्लो सेयर खरिद-बिक्री सम्झौताका विभिन्न पक्षबारे अध्ययन गरिएको छ।

सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले मंगलबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै एनसेलको सेयर खरिद-बिक्रीसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भएको जानकारी दिए।

समितिको प्रतिवेदनअनुसार एनसेल साविकको स्पाइस सेल प्रालिका रूपमा २०५८ सालमा स्थापना भएदेखि हालसम्म १४ पटक शेयर तथा स्वामित्व खरिद-बिक्री भएको छ। तीमध्ये अधिकांश कारोबार नेपालबाहिर अफसोर संरचनामार्फत भएको र त्यससँग सम्बन्धित सम्पूर्ण अभिलेख तथा विवरण नेपालका सम्बन्धित आधिकारिक निकायमा पेस भएको नदेखिएको समितिको निष्कर्ष छ।

कतिपय नेपाली सेयरधनीको कारोबारको भुक्तानीसमेत नेपालको बैंकिङ प्रणालीमार्फत नभई विदेशमा भएको देखिएको प्रतिवेदनमा उल्लेख छ। कम्पनीमा विदेशी र स्वदेशी लगानीको अनुपातसमेत पटक-पटक परिवर्तन भएको समितिले जनाएको छ।

प्रतिवेदनअनुसार एनसेलले नेपालमा व्यवसाय सुरु गरेदेखि प्रविधिसहित कुल ८ करोड रुपैयाँ विदेशी र २ करोड रुपैयाँ स्वदेशी लगानी गरेको थियो। सो अवधिमा कम्पनीले १ खर्ब १३ अर्ब ५८ करोड रुपैयाँ नाफा कमाएको तथा ९३ अर्ब ५० करोड रुपैयाँ लाभांश घोषणा गरेको उल्लेख छ।



घोषित लाभांशमध्ये ६६ अर्ब ९५ करोड रुपैयाँभन्दा बढी रकम विदेश लगिएको र थप २ अर्ब रुपैयाँभन्दा बढी रकम अन्य शीर्षकमा विदेश गएको समितिको निष्कर्ष छ। स्वदेशी सेयरधनीले भने लाभांशबापत १९ अर्ब २५ करोड रुपैयाँ प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ।

एनसेलले तत्कालीन समयसम्म १ करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरेको र कर तथा गैरकर राजस्वबापत नेपाल सरकारलाई करिब ३ खर्ब २ अर्ब रुपैयाँ बुझाएको पनि प्रतिवेदनमा उल्लेख छ।

### पूर्वस्वीकृति नलिई सेयर कारोबार

समितिले आजियाटा ग्रुप बर्हाड मलेसिया र स्पेक्ट्रलाइट यूकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेलको ८० प्रतिशत सेयर खरिद-बिक्री सम्झौता प्रचलित नेपाली कानुनअनुसार आवश्यक पूर्वस्वीकृति नलिई गरिएको निष्कर्ष निकालेको छ। सम्झौतामा प्रारम्भिक प्रतिफल ५ करोड अमेरिकी डलर अर्थात् करिब ६ अर्ब रुपैयाँ रहेको उल्लेख छ। त्यसको पहिलो किस्ता ५० लाख अमेरिकी डलर तथा बाँकी ४ करोड ५० लाख अमेरिकी डलर चार वर्षभित्र तिर्ने व्यवस्था गरिएको थियो।

त्यसबाहेक 'डिफर्ड कन्सिडरेसन' अन्तर्गत विभिन्न वर्षको लाभांशको निश्चित प्रतिशतसमेत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकाले कारोबारको वास्तविक मूल्य यकिन गर्न कठिन रहेको समितिले जनाएको छ। समितिले उक्त सेयर खरिद-बिक्री सम्झौता समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित नभएको र सम्झौतामा विक्रेता पक्ष हावी भएको निष्कर्ष निकालेको छ। सेयर बिक्रीपछि पनि विक्रेताले वर्षौंसम्म लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने तथा कम्पनीको ऋण र दायित्वबाट अलग रहनेजस्ता प्रावधान रहेको भन्दै सम्झौता स्वाभाविक व्यावसायिक कारोबारजस्तो नदेखिएको प्रतिवेदनमा उल्लेख छ।

### कारोबार मूल्यमा पनि प्रश्न

एनसेल आजियाटाले सार्वजनिक रूपमा सेयर कारोबारको व्यावसायिक मूल्य करिब ४० करोड अमेरिकी डलर रहेको जनाएको थियो। ८० प्रतिशत सेयरका खरिदकर्ता भनिएका सतिसलाल आचार्यले पनि समितिसँगको छलफलमा कम्पनीको व्यावसायिक मूल्य ४० देखि ४५ करोड अमेरिकी डलर रहेको दाबी गरेका थिए।

तर, सेयर खरिद-बिक्री सम्झौता र पछिल्लो वित्तीय विवरणसँग ती तथ्यांक मेल नखाएको समितिको ठहर छ। कम्पनीसँग रहेको ठूलो भौतिक सम्पत्ति, अनुमतिपत्रको बाँकी अवधि र वार्षिक मुनाफालाई आधार मान्दा कारोबार मूल्य सार्वजनिक विवरणसँग मेल नखाएको भन्दै समितिले मूल्यको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।

समितिले एनसेलको पछिल्लो सेयर खरिद-बिक्री सम्झौतालाई यथास्थितिमा स्वीकार नगर्न सरकारलाई सुझाव दिएको छ। खरिदकर्ता कम्पनीको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने पर्याप्त प्रमाण पेस नभएको भन्दै सम्झौता स्वीकार गर्नुअघि थप अध्ययन गर्नुपर्ने समितिको भनाइ छ।

### क्रसहोल्डिङ र करसम्बन्धी विषय

समितिले एनसेल र स्मार्ट टेलिकमबीच सम्भावित आर्थिक हित तथा क्रसहोल्डिङको विषयसमेत उठाएको छ। स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण भई एनसेलले स्मार्ट टेलिकम प्राप्त गरेमा खरिदकर्ता कम्पनीले विक्रेतालाई थप १ करोड अमेरिकी डलर बुझाउनुपर्ने सर्त सम्झौतामा रहेको प्रतिवेदनमा उल्लेख छ।

यस आधारमा दुवै कम्पनीका सेयरधनीबीच आर्थिक हितको सम्बन्ध हुनसक्ने समितिको निष्कर्ष छ। विगतमा दुवै कम्पनी तथा तिनका लगानीकर्ताबीच पारिवारिक सम्बन्धसमेत रहेको देखिएको भन्दै समितिले सम्भावित क्रसहोल्डिङबारे अध्ययन गर्न सुझाव दिएको छ।

एनसेलले नेपाल सरकारलाई तिर्नुपर्ने कर तथा गैरकर गरी ८५ अर्ब रुपैयाँभन्दा बढी रकमका सम्बन्धमा विभिन्न तहका अदालत तथा निकायमा मुद्दा विचाराधीन रहेको पनि प्रतिवेदनमा उल्लेख छ।

समितिले एनसेलको विगतका सेयर तथा स्वामित्व कारोबारमा नेपाल र विदेशमा अपारदर्शी कारोबार भएको हुनसक्ने भन्दै राजस्व चुहावट, विदेशी मुद्रा अपचलन तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी सम्भावित विषयमा अनुसन्धान गर्न सम्बन्धित निकायलाई सुझाव दिएको छ। त्यस्तै, दूरसञ्चार क्षेत्रमा विदेशी लगानीको नियमन, नियामकीय क्षमता अभिवृद्धि तथा आवश्यक कानुनी सुधार गर्नुपर्ने समितिको सुझाव छ। दूरसञ्चार अनुमतिपत्रको २५ वर्षे अवधि समाप्त भएपछि दूरसञ्चार सेवासँग सम्बन्धित सम्पत्ति तथा संरचनामा नेपाल सरकारको स्वामित्व सुनिश्चित गर्ने व्यवस्था कार्यान्वयन गर्नसमेत समितिले सुझाव दिएको छ।

# निसान छापको दुरुपयोग गर्ने एकजना पक्राउ

**काठमाडौं/मस–** प्रहरीले अनधिकृत तबरले नेपाल सरकारको निसान छापको दुरुपयोग गर्ने कार्यमा संलग्न रहेको अभियोगमा एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२२ बस्ने रौतहट चन्द्रपुर नगरपालिका-२ घर भएका २९ वर्षीय दीपेन्द्र कर्माचार्य रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए।



उनका अनुसार निजलाई काठमाडौं महानगरपालिका-२२ टेबहालबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा निजले नेपाल सरकारको स्वीकृति नलिई आर्थिक लाभ लिने उद्देश्यले सर्वसाधारणलाई झुक्यानमा पारी नेपाल सरकारबाट मान्यताप्राप्त जिपिएस ट्र्याकर डिभाइस रहेको भनी झुटा प्रचारप्रसार गरी व्यावसायिक प्रयोजनको लागि चीनबाट आयात हुने जिपिएस ट्र्याकर डिभाइसमा नेपाल सरकारको निसान छाप राख्न लगाइ, निसान छापको दुरुपयोग गरी जिपिएस ट्र्याकर बिक्री वितरण गरेको खुल्न आएको प्रहरीले जनाएको छ।

प्रहरीले निजको साथबाट नेपाल सरकारको निशान छाप अंकित ५२ थान जिपिएस ट्र्याकर डिभाइस बरामद गरेको छ। निजलाई थप आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको प्रवक्ता कार्कीले बताए।

# 'जेनजी आन्दोलनमा १७९ निकायका स्रेस्ता जले'



काठमाडौं/मस- गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको आजको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिए।

सह महालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताए। ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उनले स्पष्ट पारे। अर्थ मन्त्रालयका सचिव डा.घनश्याम उपाध्यायले मन्त्रालयअन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताए।

बैठकमा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमिततालाई माफी नदिन सांसदहरूले आग्रह गरे। सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताए। सांसद प्रेमलाल चौधरीले जेनजी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनी रूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताए। कति निकायले १० दिनसम्मको राजस्व पनि बैंकमा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उनले जोड दिए।

पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताए। सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताए। सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताए।

सांसद विपीनकुमार आचार्यले सरकारी कार्यालयमा खरिदको दस्तावेज पनि हुने भएकाले खरिदसँग सम्बन्धित कम्पनी वा निकायसँग पनि त्यो सुरक्षित हुनसक्नेतर्फ पनि ध्यानाकर्षण गराए। ती स्रोतबाट कागजात खोजी गर्न उनले सुझाव दिए। समिति सभापति भरतबहादुर खड्काले विधिअनुसार ती निकायको लेखापरीक्षण भएर आएपछि समितिमा छलफल हुने बताए।

# वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकमा निर्मलकुमार उप्रेती नियुक्त

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकमा निर्मलकुमार उप्रेती नियुक्त भएका छन्।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले बोर्डको कार्यकारी निर्देशकमा उप्रेतीलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए।



युवा, श्रम तथा रोजगार मन्त्रालयले बोर्डको कार्यकारी निर्देशक पदका लागि आवेदन आह्वान गरेको थियो। जसमा १३ जनाले आवेदन दिएकाध्ये ६ जना अन्तर्वार्ताका लागि छनोट भएका थिए। तीमध्येबाट सरकारले उप्रेतीलाई कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको हो।

# ज्येष्ठ नागरिकलाई सवारीसाधनमा भाडा छुटको प्रभावकारी कार्यान्वयन गरिने

**काठमाडौं/मस–** ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा कानुनबमोजिम पाउनुपर्ने ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी कार्यान्वयन गराउनुपर्नेमा जोड दिइएको छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु सबैको कर्तव्य हुने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमका सार्वजनिक सवारीसाधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्ने र यातायात भाडा दरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था रहेको छ।




कानुनी व्यवस्था हुँदाहुँदै अधिकांश ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा छुट नपाएको गुनासो मन्त्रालयमा प्राप्त भएपछि महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीको निर्देशनमा मन्त्रालयले यस विषयलाई प्राथमिकताका साथ अघि बढाएको हो।

ज्येष्ठ नागरिकले कानुन बमोजिम प्राप्त गर्नुपर्ने छुट तथा सुविधा प्रभावकारी रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन सामाजिक सुरक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई औपचारिक पत्र पठाउँदै आवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध गरेको छ।

मन्त्री बादीको निर्देशनमा मन्त्रालयले ज्येष्ठ नागरिकको अधिकार, सम्मान र सामाजिक सुरक्षालाई व्यवहारमै सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राख्दै कानुनमा व्यवस्था भएका सुविधा कागजमा मात्र सीमित नराखी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो।

मन्त्रालयको यो पहलसँगै सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकका लागि कानुनले सुनिश्चित गरेको ५० प्रतिशत भाडा छुट र कम्तीमा दुईवटा आरक्षित सिटको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुने तथा ज्येष्ठ नागरिकले आफ्नो अधिकार सहज रूपमा उपभोग गर्न पाउने वातावरण निर्माण हुने अपेक्षा गरिएको छ।

**ZERO COST RECRUITMENT Opportunity in KINGDOM OF SAUDI ARABIA!!**
**शून्य लागत अन्तर्गतमा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**Employer Company : Abdullah Al Mutairi Support Services Co Ltd**
रोजगारदाता कम्पनी : अब्दुल्लाह अल मुतैरी सपोर्ट सर्भिसेस कम्पनी लिमिटेड
Employer Company Address/Job Site : As Salam, Riyadh, Kingdom of Saudi Arabia
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान : अस सलाम, रियाद, साउदी अरेबियाको अधिराज्य

| पूर्व स्वीकृत मितिः २०८३/०४/२६ Pre Approval Date: 2026-08-11 | चलानी नं: ६०२५९५८४ Invoice No.: 60259584 | एल टि नं: ३४६४५९ LT No.: 346459 |
|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | निम्नतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: SR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा र यातायत सुविधा Accomodation Facility & Transportation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickers for Warehouse गोदाममा सामान छान्ने कामदार | 42 ४२ | 0 | SEE/SLC passed एसईई/एसएलसी उत्तीर्ण English Proficiency अंग्रेजी प्रवीणता Physically and mentally fit शारीरिक तथा मानसिक रूपमा स्वस्थ | 1,000 १,००० | 40,530 ४०,५३० | कम्पनीको नियम अनुसार जब आवश्यक हुन्छ As per the company rule as & when needed | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | sar 200 food allowance (npr 8,145) खाना भत्ता: सा.रि. २०० (ने. रु. ८,१४५) | छ Yes | दुई वर्ष 2 years |

Applicants are requested to scan the QR code here to register their application online and submit the preliminary assessment accordingly. Online registration will be closed at 3 PM, 18 August 2026.
आवेदकहरूलाई आफ्नो आवेदन अनलाइन दर्ता गर्न यहाँ दिइएको QR कोड स्क्यान गर्न र तदनुसार प्रारम्भिक मूल्याङ्कन पेश गर्न अनुरोध गरिएको छ। अनलाइन दर्ता २ भदौ २०२६ साँझ ३ बजे बन्द हुनेछ।
Only shortlisted candidates will be contacted for the pre-selection process. पूर्व-छनौट प्रक्रियाको लागि छोटो सूचीमा परेका उम्मेदवारहरूलाई मात्र सम्पर्क गरिनेछ।

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू**

1. Nature of Job: Receiving, storing, picking, packing, and shipping goods while ensuring inventory accuracy and smooth warehouse operations.
   कामको प्रकृति : सामान प्राप्त गर्ने, भण्डारण गर्ने, टिप्ने, प्याक गर्ने र ढुवानी गर्ने काम गर्दा सूचीको शुद्धता र सहज गोदाम सञ्चालन सुनिश्चित हुन्छ।
2. Overtime shall be voluntary. Overtime Payment Calculated as: Salary x 1.5
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना : तलब x १.५
3. Rest Day: One day in a week in accordance to the labor law of Saudi Arabia.
   विश्राम दिन : साउदीको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: As per Saudi's Gazetted holidays.
   सार्वजनिक बिदा : साउदीको राजपत्रित बिदा अनुसार ।
5. Annual Leave: 21 days per year.
   वार्षिक बिदा : २१ दिन प्रति वर्ष ।
6. Sick Leave & Hospitalization leave:30 days of paid medical leave available upon submission of valid medical certificates
   बिरामी बिदा: चिकित्सा प्रमाणपत्र पेश गरेपछि ३० दिनको तलबी चिकित्सा बिदा उपलब्ध छ ।
7. Medical and Accident Insurance: Medical Insurance provided by the company along with Insurance from GOSI (in case of onduty casualties ) provided.
   GOSI बाट बीमा सहित कम्पनीद्वारा प्रदान गरिएको चिकित्सा बीमा (अनड्युटी हताहतको अवस्थामा) प्रदान गरिएको छ । साउदी सरकारले अपनाएको कुनै पनि अन्य बीमा योजना जुन नीयोक्ताद्वारा बीमा गरिनेछ ।
8. Grievance channels and reporting mechanisms are maintained, ensuring without fear of retaliation
   प्रतिशोधको डर बिना सुनिश्चित गर्दै गुनासो च्यानलहरू र रिपोर्टिङ संयन्त्रहरू राखिएका छन् ।
9. Freedom of movement and allowed to repatriate without any deposits.
   आवतजावतको स्वतन्त्रताको अधिकार / कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ र ने.रु.३७०८/- उमेर ३६ देखि ५० र ने.रु.४९३१/- उमेर ५१ देखि ६४र ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००/- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**1. Pre-selection process at IMR office premises will be conducted on 17th - 19th Aug, 2026.**
आइएमआर अफिसमा प्रिअन्तर्वार्ता प्रक्रिया २०८३ भदौ १ गतेदेखि ३ गतेसम्म सञ्चालन हुनेछ।
**2. Final Interview | फाइनल अन्तर्वार्ता**
**Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 20th Aug 2026.**
फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा २०८३ भदौ ४ गते हुनेछ।

**ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।**
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: (नोटः)
1. 1. This is a zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरि एको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन। साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**
कृपया धोखाधडी, अबैध क्रियाकलाव वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन नं. ९७७ ९८०११३७७६९ मा वा इमेल grievance@imrsolution.com मा प्रतिशोध वा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईंको गोपनीयता कायम राख्नेछौं।
Feel free to report against fraud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No. 309/059/060
**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346,5204347, 5204348,
Mobile No.: 9801031546 (9am-5pm)

मध्यान्ह
www.madhyanhadaily.com
२७ साउन २०८३ बुधबार
12 August 2026 Wednesday

## सम्पादकीय

### युवालाई खोइ ?

गत वर्षको ऐतिहासिक जेनजी आन्दोलनले नेपाली राजनीतिमा ठुलो उथलपुथल ल्यायो । पुरानो पुस्ताको नेतृत्वलाई चुनौती दिँदै युवापुस्ता राज्यसत्ताको केन्द्रमा पुग्यो । ३६ वर्षीय युवा वालेन्द्र शाह प्रधानमन्त्री बने । मन्त्रिपरिषद्का बहुसंख्यक सदस्य युवा छन् । प्रतिनिधिसभामा ४० वर्षमुनिका १०२ सांसद छन् । जनसंख्याको झन्डै ४२ प्रतिशत युवा रहेको अवस्थामा राज्यसत्ताको नेतृत्व युवाको हातमा पुग्नु ऐतिहासिक उपलब्धि हो । तर, राजनीतिक उपलब्धिअनुसार सरकारको नीति, कार्यक्रम र बजेट बन्न नसक्नु विडम्बना हो ।

युवाले परिवर्तन खोजेकै कारण जेनजी आन्दोलन भएको हो । रोजगारी, शिक्षा, अवसर, सुशासन र देशमै भविष्य देख्न सक्ने वातावरण उनीहरूको मुख्य अपेक्षा थियो । आन्दोलनपछि बनेको सरकारले यी सवाललाई प्राथमिकतामा राखेर परिणाममुखी काम गर्ने अपेक्षा स्वाभाविकै हो । तर, युवामय सरकारको नीति, कार्यक्रम र बजेट हेर्दा युवामा आशा जगाउने ठोस सुरुवात नदेखिएको विज्ञहरूको विश्लेषण छ । बजेटमार्फत सरकारले युवालाई रोजगारी, सीप विकास, स्टार्टअप र नवप्रवर्तनसँग जोड्ने योजना अघि सारेको छ । खुला विश्वविद्यालयमार्फत अध्ययनको अवसर, छोटो अवधिका सीपमूलक तालिम, एक हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा तथा युवा वैज्ञानिकलाई अनुसन्धानको अवसर दिने घोषणा गरेको भए पनि समग्र नीति तथा कार्यक्रम र बजेटले युवालाई राष्ट्रिय एजेन्डाका रूपमा स्विकार्न सकेको देखिँदैन । घोषणा भएकै कार्यक्रम पनि युवासम्म पुग्ने, नयाँ रोजगारी सिर्जना गर्ने र उद्यमशीलताको वातावरण सिर्जना हुनेमा शंका गर्ने प्रशस्तै ठाउँ छन् ।

सबैभन्दा गम्भीर विषय युवा क्षेत्रकै बजेट घट्नु हो । चालु आर्थिक वर्षमा राष्ट्रिय युवा परिषद् तथा युवा परिचालनका लागि ६ करोड ३५ लाख रूपैयाँ मात्र विनियोजन गरिएको छ, जुन पछिल्लो चार वर्षयताकै न्यून हो । युवालाई देश निर्माणको मुख्य शक्ति मान्ने, तर उनीहरूकै कार्यक्रमको बजेट घटाउने नीतिले बालेन सरकारको विरोधाभासी व्यवहार देखाउँछ । अर्कोतर्फ, दैनिक ठुलो संख्यामा युवा बिदेसिइरहेका छन् । विमानस्थलमा देखिने युवाको भिडले देशभित्र अवसरको अभाव देखाइरहेको छ । सरकारले रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा रूपान्तरण गर्ने घोषणा गरे पनि कार्यान्वयन कमजोर छ ।

युवा नेतृत्वको सरकारलाई चार महिनामै असफल भन्न मिल्दैन । तर, सरकारले सुरुवाती दिनमा आशा जगाउने दिशा समाउन सकेको छैन । युवालाई भाषण वा नारामा होइन, नीति, बजेट र अवसरको केन्द्रमा राखिनुपर्छ । रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा, सीप, उद्यमशीलता, नवप्रवर्तन र स्वदेशमै सम्मानजनक भविष्य निर्माण सरकारको पहिलो प्राथमिकता बन्नुपर्छ । युवा नेतृत्व आफैँमा परिवर्तन होइन । युवाको जीवनमा देखिने परिवर्तन नै त्यसको वास्तविक सफलता हुनेछ । सत्तारूढ रास्वपालाई जेनजी आन्दोलनले सत्ताको ढोका खोलिदिएको हो । त्यसैले युवाको भविष्य निर्माण गर्ने जिम्मेवारी यही सरकारको हो ।

# युवा दिवसको सार्थकता

अन्तर्राष्ट्रिय युवा दिवस मनाइरहँदा देशका ऊर्जाशील युवाहरू भने त्रिभुवन विमानस्थलमा आँसु पुछ्दै खाडी र अन्य मुलुकतिर उड्न बाध्य छन् । नारा र बजेटमा युवा शब्द जोडिए पनि व्यवहारमा अवसर नपाउँदा रेमिट्यान्सले देश धान्ने, तर युवाको भविष्य अन्योलमै रहने नियति दोहोरिएको छ । अब पुरानै शासकीय ढर्रा होइन, परिणाममुखी रोजगारी र सुशासनको खाँचो छ ।

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

प्रत्येक वर्षको १२ अगस्टमा अन्तर्राष्ट्रिय युवा दिवस विश्वभर मनाइन्छ । संयुक्त राष्टसंघको क्यालेन्डर हेर्ने हो भने वर्षका ३६५ दिनमध्ये करिब २०९ दिन विभिन्न दिवसका नाममा छुट्याइएका छन् । तर, विशेष गरी नेपालजस्ता अल्पविकसित र विकासोन्मुख राष्ट्रमा यी दिवस औपचारिकता र भाषणमै सीमित हुने गरेका छन् । अन्तर्राष्ट्रिय युवा दिवस मनाइरहँदा पनि यहाँका युवाको चेहरामा मुस्कान होइन, भविष्यप्रतिको अन्योल र निराशा झल्किन्छ ।

गुणस्तरीय शिक्षाको खोजीमा दैनिक हजारौं विद्यार्थी एनओसी बोकेर वैदेशिक अध्ययनका लागि उडिरहेका छन् भने रोजगारीका लागि खाडी मुलुक र मलेसियाको चर्को घाममा पसिना बगाउन जानुपर्ने बाध्यता कायमै छ । सरकार फेरिन्छन्, नीति बन्छन्, तर युवाशक्तिलाई आफ्नै देशमा खपत गर्ने र उनीहरूको ऊर्जालाई राष्ट्र निर्माणमा जोड्ने ठोस रणनीति कतै देखिँदैन । वैदेशिक अध्ययनमा जानेहरूसँग शैक्षिक कर असुल्ने र बिदेसिएका युवाले पठाएको विप्रेषण (रेमिट्यान्स)ले देशको अर्थतन्त्र धान्ने उल्टो यात्रामा राज्य रमाइरहेको छ ।

यद्यपि, निराशाका बीच केही आशाका किरण नदेखिएका होइनन् । लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुनः सञ्चालन गर्ने प्रयास हुनु, केही नेपाल औषधिजस्ता सरकारी संस्थान नाफामा जान थाल्नुजस्ता समाचारले आन्तरिक उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न केही मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । तर, यी सकारात्मक प्रयास पर्याप्त छैनन् ।

व्यवस्थापिका र कार्यपालिकामा युवा तथा नयाँ अनुहारको उपस्थिति बढेको दाबी गरिए पनि आमनागरिकले भने राहतको अनुभूति गर्न पाएका छैनन् । युवा नेतृत्वको सहभागितामा बनेका बजेट र ल्याइएका नीतिले समेत सर्वसाधारणको भान्सा महँगो बनाउने, बिजुली र आधारभूत सेवामा करको भार थप्ने काम गरेपछि जनआक्रोश झनै चुलिएको छ । साना उपभोक्तालाई करको भार थपिँदा ठुला व्यापारी र बिचौलियाले उन्मुक्ति पाउने परिपाटी कायमै छ, जसले पुरानै शासकीय शैलीको पुनरावृत्ति भएको भान गराउँछ ।

विश्वभर दिगो विकास र हरित अर्थतन्त्रको चर्चा भइरहँदा नेपालमा भने युवाले न त व्यावहारिक र जीवनोपयोगी शिक्षा पाएका छन्, न त दक्षताअनुसारको रोजगारी नै । विद्यालय र विश्वविद्यालय तहको पढाइ पूरा गरेपछि पनि सीपको अभावमा हात खाली बस्नुपर्ने वा प्लस टुपछि खाडीमा भेटौंला भन्ने पीडादायी भनाइलाई पछ्याउनु हाम्रो नियति बनेको छ । अमेरिका वा विकसित मुलुकमा १२ कक्षासम्मको शिक्षा अनिवार्य, निःशुल्क र व्यावहारिक छ, जसले विद्यार्थीलाई विषयविज्ञ वा दक्ष प्राविधिक बनाउँछ ।

हाम्रो शिक्षा प्रणालीले भने सिद्धान्त मात्र घोकाएर सडक आन्दोलन र दलीय राजनीतिमा होम्ने काम गर्‍यो । विश्वविद्यालयका उपकुलपति, रजिस्ट्रार र प्राज्ञिक पदमा दलीय भागबन्डाका आधारमा नियुक्ति दिने परिपाटीले प्राज्ञिक मर्यादा खस्किएको छ । विवादित व्यक्तिलाई प्राज्ञिक क्षेत्रको नेतृत्व सुम्पिँदा विद्यार्थीहरू सीपयुक्त र प्रतिस्पर्धी बन्न सकेका छैनन् । प्राज्ञिक क्षेत्रको शुद्धीकरण र सार्वजनिक जवाफदेहिताबिना शैक्षिक क्रान्ति असम्भव छ ।



अर्कोतर्फ, युवालाई सरकारी सेवामा भित्र्याउने लोकसेवा आयोगका विज्ञापन र प्रक्रिया सुस्त हुने वा रोकिने, तर मन्त्री र नेताका स्वकीय तथा सल्लाहकारको भिड बढाएर राज्यको कोष रित्याउने काम भइरहेको छ । निजामती सेवा विधेयक र संघीय शिक्षा विधेयकजस्ता महत्त्वपूर्ण कानुन वर्षौंसम्म संसद्मा अड्किँदा देश कामचलाउ ढर्रामा चलिरहेको छ ।

काठमाडौं महानगरपालिकामा नयाँ युवा नेतृत्व आएपछि केही आशा जागे पनि प्रशासनिक झन्झट र पूर्वाधारका समस्याले जनता निसासिइरहेका छन् । राजनीतिमा पुस्तान्तरणका कुरा उठे पनि व्यवहारमा शासकीय कठोरता र सुशासनको अभाव उस्तै छ । राजस्व संकलनका लागि तातोपानीजस्ता मुख्य नाका हप्तौं बन्द हुने, भ्रष्टाचार नियन्त्रण गर्ने निकायका हिरासत कक्ष भरिभराउ हुने, तर भ्रष्टाचारको संरचना नभत्किने अवस्थाले सुशासनको दाबीलाई जिस्क्याइरहेको छ । सर्भर डाउन हुँदा वृद्धभत्ता र नागरिकतासम्बन्धी सेवा ठप्प हुनुले डिजिटल नेपालको नारालाई गिज्याइरहेको छ ।

राज्यले युवालक्षित भन्दै 'प्रधानमन्त्री रोजगार कार्यक्रम', 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' तथा विभिन्न युवा जागरण अभियानका नाममा अर्बौं रुपैयाँ बजेट विनियोजन नगरेको होइन । कृषि, स्वास्थ्य, शिक्षा, सुशासन, वातावरण संरक्षण, पर्यटन प्रवर्धन र विपद् व्यवस्थापनजस्ता हरेक क्षेत्रमा 'युवा सहभागिता'का नारा घन्काइएका छन् । तर, अनुगमन र पारदर्शिताअभावमा यी कार्यक्रममा हालिएको लगानी बालुवामा पानी हालेसरह भएको छ । बजेट दलका कार्यकर्ता पोस्ने माध्यम बन्यो, तर वास्तविक युवाले त्यसको लाभांश पाउन सकेनन् । राजनीतिक दलका लागि युवा ' भोटको भकारी' र आन्दोलनका 'लाठी' मात्र बने । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक देखिने हस्याङफस्याङ, छोराछोरी बिदा गर्दा आमाबाबुले बगाउने आँसु र घरखेत धितो राखेर म्यानपावरलाई बुझाउनुपरेको मोटो रकमले हाम्रो सामाजिक र आर्थिक यथार्थलाई छर्लंग पार्छ । दिवस र अभियान थपिँदै जाँदा विमानस्थलको यो रोदन घट्नुको साटो झन् बढ्दै गएको छ ।

देशमा जनशक्ति योजनाको अभाव, राजनीतिक अस्थिरता र आर्थिक मन्दीका कारण युवा शक्ति विस्थापित भइरहेको छ । वास्तवमा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रूपान्तरणको मुख्य वाहक नै युवापुस्ता हो । तर, दलहरूभित्रको आन्तरिक किचलो, गुटबन्दी, वैदेशिक ऋणको भारी र नीतिगत भ्रष्टाचारका कारण देशका मूल मुद्दा ओझेलमा परेका छन् । पुराना राजनीतिक शक्ति एकातिर मोर्चाबन्दीमा व्यस्त छन् भने नवोदित शक्तिहरू पनि परिणाममुखी कामभन्दा प्रचार र करको भार थप्नतिर उद्यत देखिएका छन् ।

युवा दिवस मनाउनुको वास्तविक सार्थकता औपचारिक समारोह, भाषण र नारामा होइन, युवालाई स्वदेशमै सम्मानजनक रोजगारी, गुणस्तरीय शिक्षा र उद्यमशीलताको वातावरण निर्माण गरिदिनुमा छ । जबसम्म त्रिभुवन विमानस्थलमा युवाहरूको भिड घट्दैन र आफ्नै माटोमा पसिना बगाएर जीवनस्तर सुधार्ने वातावरण बन्दैन, तबसम्म कुनै पनि युवा दिवसले नेपाली माटोलाई छुन सक्दैन । राजनीतिक नेतृत्वले इतिहासको दोषारोपण छोडेर सुशासन, आर्थिक सुधार र युवाकेन्द्रित नीति निर्माणमा इमानदार हुनु नै आजको मुख्य आवश्यकता हो ।

# साझा आकांक्षा र नेपालको रूपान्तरण

विचार



● विश्वनाथ खरेल

*नेपाल हाल जनसांख्यिकीय लाभांशको ऐतिहासिक मोडमा भए पनि रोजगारी र अवसरको अभावमा युवाहरू बिदेसिन बाध्य छन् । युवा ऊर्जालाई स्वदेशमै उपयोग गरी साझा समृद्धिको दिशामा अघि बढ्नु नै आजको मुख्य आवश्यकता हो ।*

विश्वव्यापी परिदृश्यमा प्रत्येक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाइन्छ । संयुक्त राष्ट्रसंघले सन् २००० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालेको हो । युवाका सवाललाई विश्वव्यापी बहसमा ल्याउनु, उनीहरूको क्षमता र योगदानको कदर गर्नु तथा सार्थक सहभागितामार्फत दिगो, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्नु यस दिवसको मुख्य उद्देश्य हो ।

यस वर्षको नाराले विश्वका विभिन्न भूभाग, अर्थतन्त्र, संस्कृति र भूगोलमा बाँचिरहेका युवाहरूको दैनिक जीवनको यथार्थ भिन्न भए तापनि उनीहरूको गन्तव्य, सपना र आधारभूत आवश्यकता एउटै छन् भन्ने महत्त्वपूर्ण सन्देश दिन्छ । एकातिर विकसित राष्ट्रका युवा अत्याधुनिक एआई, डिजिटल प्रविधि र स्पेस टेक्नोलोजीजस्ता विषयमा केन्द्रित छन् भने अर्कोतिर अल्पविकसित तथा भूपरिवेष्ठित राष्ट्रका युवा रोजगारी, गुणस्तरीय शिक्षा र आधारभूत अधिकार प्राप्तिका लागि संघर्षरत छन् । यही पृष्ठभूमिमा सामाजिक-आर्थिक रूपान्तरणको मोडमा उभिएको नेपालका लागि यो नारा अत्यन्तै सान्दर्भिक बनेको छ ।



विश्वभरका युवाको सामाजिक-आर्थिक स्थिति भिन्न छ । विकसित मुलुकका युवा प्रविधिको उच्च पहुँच, जलवायु परिवर्तनविरोधी अभियान र सुदृढ सामाजिक सुरक्षाबीच जीवनयापन गरिरहेका छन् । तर, नेपालजस्ता विकासोन्मुख मुलुकका युवा भने बेरोजगारी, गरिबी, गुणस्तरीय शिक्षाको अभाव र वैदेशिक रोजगारको बाध्यतासँग जुधिरहेका छन् । नेपाल हाल जनसांख्यिकीय लाभांशको ऐतिहासिक अवसरबाट गुज्रिरहेको छ, अर्थात् कुल जनसंख्याको ठुलो हिस्सा उत्पादनशील युवा वर्गको छ । तर, यो सम्भाव्यतालाई स्वदेशभित्रै उपयोग गर्ने नीतिको अभावमा दैनिक हजारौं युवाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वा सीमानाकाबाट वैदेशिक श्रम गन्तव्यतर्फ लाग्न बाध्य छन् । नेपालभित्रै पनि भौगोलिक, सामाजिक र आर्थिक आधारमा युवाहरूको स्थितिमा व्यापक भिन्नता पाइन्छ । सुगम तथा सहरी क्षेत्रमा बसोबास गर्ने युवाहरूमा प्रविधि र प्राविधिक शिक्षाको पहुँच भए पनि तीव्र प्रतिस्पर्धा र रोजगारीको अनिश्चितताले सताएको छ । दुर्गम तथा ग्रामीण क्षेत्रका युवा गुणस्तरीय शिक्षा र स्वास्थ्यको अभाव, परम्परागत कृषि र सीपको कमीका कारण वैदेशिक रोजगारमा उच्च निर्भर हुन बाध्य छन् । त्यसैगरी, खाडी र मलेसिया पुगेका युवा कडा परिश्रम, जोखिमपूर्ण वातावरण र परिवारबाट टाढा रहनुको मानसिक तनाव झेलिरहेका छन् भने उच्च शिक्षाका लागि विकसित मुलुक बाहिरिएका युवामा अध्ययनसँगै बौद्धिक पलायनको खतरा तीव्र रूपमा बढिरहेको छ ।

परिवेश र भूगोल जस्तोसुकै फरक भए पनि विश्वभरका र खासगरी नेपाली युवाका चाहना र सपना भने समान छन् । उनीहरू योग्यता र क्षमताअनुसार स्वदेशमै उचित आम्दानी हुने मर्यादित रोजगारीका अवसर चाहन्छन् । केवल सैद्धान्तिक ज्ञानमा सीमित नभई २१औं शताब्दी अनुकूलको प्रविधिमैत्री, व्यावहारिक र सीपयुक्त गुणस्तरीय शिक्षा उनीहरूको अर्को मुख्य माग हो । यसका साथै, भ्रष्टाचारमुक्त समाज, उत्तरदायी राजनीतिक व्यवस्था र योग्यता प्रणालीको बहालीमार्फत सुशासन कायम होस् भन्ने उनीहरूको आकांक्षा छ । नीति निर्माण र राजनीतिक निर्णय प्रक्रियामा युवाको सार्थक सहभागिताका साथै जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित भोलिको निर्माण र वातावरण संरक्षण पनि उनीहरूको साझा चासोको विषय बनेको छ ।

नेपाल सरकार र राष्ट्रिय युवा परिषद्ले सन् २०२६को यस नारालाई केवल औपचारिक कार्यक्रम र भाषणमा सीमित नराखी रूपान्तरणको जग बनाउनुपर्छ । यसका लागि विनाधितो सहुलियतपूर्ण ऋण र प्राविधिक तालिम उपलब्ध गराई युवालाई रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने उद्यमी बनाउनेतर्फ प्राथमिकता दिनु आवश्यक छ । वैदेशिक रोजगारीबाट फर्केका युवाको अनुभव, सीप र पुँजीलाई स्वदेशकै कृषि, पर्यटन र सूचना प्रविधिजस्ता उत्पादनशील क्षेत्रमा जोड्ने संरचना बनाउनुपर्छ । साथै, दुर्गम क्षेत्रका युवालाई इन्टरनेट र आधुनिक प्रविधिसँग जोडेर स्वदेशमै बसी अन्तर्राष्ट्रिय स्तरको आम्दानी गर्ने वातावरण सिर्जना गर्न डिजिटल नेपाल र आइटी क्रान्तिलाई तीव्र बनाउनुपर्छ । राष्ट्रिय युवा नीतिलाई समयसापेक्ष परिमार्जन गर्दै नीति निर्माणका प्रत्येक तहमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ ।


राष्ट्रिय युवा परिषद्ले अन्तर्राष्ट्रिय युवा दिवस २०२६को अवसरमा आयोजना गर्ने सप्ताहव्यापी कार्यक्रममा युवा उद्यमशीलता, रोजगारी, नेतृत्व विकास, स्वयंसेवा, नीति संवाद र सचेतनामूलक अभियानलाई प्राथमिकताका साथ अघि बढाउनु सकारात्मक कदम हो ।

अन्तर्राष्ट्रिय युवा दिवस सन् २०२६ले हामीलाई हाम्रा सीमा र भिन्नताभन्दा माथि उठेर साझा लक्ष्यका लागि एकजुट हुने प्रेरणा दिन्छ । नेपालको सन्दर्भमा, भौगोलिक र सामाजिक भिन्नताहरूलाई चिर्दै युवाको साझा आकांक्षा अर्थात् समृद्ध, न्यायपूर्ण र सुशासित नेपाल निर्माणमा राज्य र समाज दुवै गम्भीर हुनैपर्छ । देशले पाएको जनसांख्यिकीय लाभांशको यो सुवर्ण अवसर सधैं रहँदैन । तसर्थ, युवाको ऊर्जा, प्रविधिको प्रयोग र सुशासनको समन्वयबाट मात्रै भिन्न परिवेशलाई साझा समृद्धिमा रूपान्तरण गर्न सकिन्छ ।

## इतिहासको पाना

● सन्तोष खडेरी

### सुगौली सन्धिको प्रमाणित प्रतिलिपि खोजी




नेपाल-अंग्रेज युद्ध (१८१४-१८१६) पछि सन् १८१६ मार्च ४मा भएको सुगौली सन्धिले नै नेपालको पश्चिमी सीमा निर्धारण गरेको हो । सन्धिको धारा ५ अनुसार नेपालले काली नदीको पश्चिमतर्फको भूभागमाथिको अधिकार त्याग गरेको थियो, जुन लिम्पियाधुरा, लिपुलेक र कालापानी सीमा विवाद समाधानका लागि सबैभन्दा महत्त्वपूर्ण ऐतिहासिक आधार हो ।

हस्ताक्षर भएको २१० वर्ष बितिसक्दा पनि नेपालसँग सन्धिको सक्कल प्रति उपलब्ध छैन । पुरानो राजदरबारको बम्बे बैठक कोठीमा सन्दुकभित्र राखिएका यी दस्ताबेज हाल कहाँ छन् भन्नेमा राज्य बेखबर छ । पूर्वपरराष्ट्रमन्त्री नारायण खड्का र शिशिर खनालले पनि सन्धिको सक्कल प्रति नेपालमा नरहेको विषय संसदीय समितिलाई जानकारी गराएका थिए । यसैकारण हालै लिम्पियाधुरा, लिपुलेक र कालापानीको सीमासम्बन्धी प्रमाण जुटाउन बेलायत सरकारसँग सन्धिको प्रतिलिपि र तत्कालीन नाप-नक्सा मागिएको विषय सतहमा आएको छ ।

नेपालसँग सक्कल प्रति नभए पनि अंग्रेजी, फारसी, नेपाली र हिन्दी भाषाका पत्राचार, टिपोट तथा प्रमाणित प्रतिलिपि भने सुरक्षित छन् । इतिहासकार योगी नरहरिनाथको 'सन्धि संग्रह'मा तीन भाषामा हस्ताक्षर भएको पृष्ठ प्रकाशित छ । सन् १८१६ मार्च ४मा नेपालले सन्धि अनुमोदन गरेपछि १५ मार्च १८१६को 'कलकत्ता गभर्मेन्ट गजेट'मा यसको मूलपाठ प्रकाशित भएको थियो । उक्त गजेट फेला पर्न सकेको छैन, तर त्यसैबाट साभार गरिएका बेलायत, भारत र अमेरिकाका तत्कालीन अखबार एवं 'लन्डन गजेट'मा सन्धिको पूर्ण पाठ प्रकाशित भएको थियो । सन् १७९२को वाणिज्य सन्धि अंग्रेजी, फारसी र बंगालीमा छापिएको आधारमा सुगौली सन्धि पनि अंग्रेजी, नेपाली र फारसीमा प्रकाशित भएको अनुमान गर्न सकिन्छ ।

१८१४ नोभेम्बर १मा सुरु भएको युद्ध रोक्न १८१५ डिसेम्बर २मा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा ब्रिटिस कम्पनी सरकारका तर्फबाट पेरिस ब्राड्साले सुगौली सन्धिमा हस्ताक्षर गरेका थिए । नेपालले ९३ दिनपछि, अर्थात् १८१६ मार्च ४मा मकवानपुरमा अनुमोदित सन्धि हस्तान्तरण गरेको थियो । आफ्ना ऐतिहासिक दस्तावेज र प्रमाणित प्रतिलिपिको खोजी गर्नु राज्यको पहिलो दायित्व हो ।

# सार्वजनिक खरिद ऐन संशोधनविरुद्धको रिटमा सुनुवाइ हुने



**काठमाडौं/मस**–सार्वजनिक खरिद ऐन, २०६३ मा गरिएको संशोधनमार्फत पत्रपत्रिकामा टेन्डर विज्ञापन प्रकाशनमा रोक लगाइएको व्यवस्थाविरुद्ध दायर रिट निवेदनमा बुधबार सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ हुने भएको छ ।

संशोधित कानुनले सरकारी टेन्डरसम्बन्धी सूचना वेबसाइटमा मात्र प्रकाशन गर्नुपर्ने व्यवस्था गरेपछि उक्त प्रावधानको संवैधानिकता प्रश्न गर्दै रिट दायर गरिएको थियो ।

अधिवक्ताद्वय अनन्तराज लुइँटेल र रामप्रसाद पुडासैनीले उक्त संशोधनले अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको पहुँचमा अवरोध पुऱ्याएको जिकिर गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । प्रारम्भमा अध्यादेशविरुद्ध दायर गरिएको रिट सुनुवाइमा जानुअघि नै उक्त व्यवस्था संसद्बाट पारित भई ऐनका रूपमा लागू भएपछि निवेदकहरूले पूरक निवेदनसमेत पेस गरेका हुन् ।

यस मुद्दामा वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, रमणकुमार श्रेष्ठ, टीकाराम भट्टराई, ललित बस्नेतलगायत नेपाल बार एसोसिएशनका पदाधिकारी तथा दुई दर्जनभन्दा बढी कानुन व्यवसायीले बहस गर्ने तयारी गरेका छन् । साथै, पूर्वमहान्यायाधिवक्ता रमेश बडालसहितका कानुनविद्हरू पनि सुनुवाइमा सहभागी हुनेछन् । संशोधित ऐनअनुसार दफा १४(१), ३०(१) र ४०(१) मा परिवर्तन गर्दै सरकारी खरिदसम्बन्धी टेन्डर सूचना अब पत्रपत्रिकामा प्रकाशन गर्न नपाइने र वेबसाइटमार्फत मात्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त संशोधन अध्यादेशमार्फत ल्याइएको थियो, जसलाई संसद्ले पारित गरी असार १५ गते राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको छ ।

# लालबकैया नदीको तटबन्ध उच्च जोखिममा, पाँच वडा प्रभावित हुन सक्ने

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २६ साउन

रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरस्थित लालबकैया नदीको तटबन्ध तीव्र कटानका कारण उच्च जोखिममा परेको छ। तटबन्ध जोगाउन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, मौलापुर नगरपालिका तथा सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालयले प्रयास गरिरहेका भए पनि कटान नियन्त्रणमा आउन सकेको छैन ।



इलाका प्रहरी कार्यालय मौलापुरका अनुसार नदीको माथिल्लो क्षेत्रमा थप वर्षा भई पानीको बहाव बढेमा बाँकी रहेको तटबन्धको भागसमेत बग्न सक्ने जोखिम छ। तटबन्ध भत्किएमा नदीको पानी कृषियोग्य जमिन हुँदै गाउँबस्तीमा पस्न सक्ने भएकाले आसपासका क्षेत्रमा बाढी र डुबानको जोखिम बढेको प्रहरीले जनाएको छ । तटबन्ध भत्किएमा मौलापुर नगरपालिका-१ मर्यादपुर, वडा नं. २ चिरचिरिया, वडा नं. ३ गम्हरिया, वडा नं. ४ पतौरा र वडा नं. ५ मौलापुर प्रभावित हुन सक्ने जनाइएको छ । यस्तै, बौधीमाई नगरपालिकाको अजगैबी क्षेत्रसमेत प्रत्यक्ष प्रभावित हुन सक्ने प्रहरीको भनाइ छ । सम्भावित बाढी तथा डुबानको जोखिमलाई ध्यानमा राख्दै तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन, आवश्यक तयारी गर्न तथा जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न आग्रह गरिएको छ। तटबन्ध संरक्षण तथा सम्भावित विपद् न्यूनीकरणका लागि सम्बन्धित निकायले तत्काल विशेष पहल गरी प्रभावकारी रूपमा काम गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# इलामको चुलाचुलीका इन्जिनियर र लेखा अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले इलामको चुलाचुली गाउँपालिकामा कार्यरत इन्जिनियर र लेखा अधिकृतविरुद्ध ६ लाख रुपैयाँ बिगो कायम गरी मंगलबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार चुलाचुली गाउँपालिकाका छैठौं तहका इन्जिनियर डिल्ली राज खड्का र आठौं तहका लेखा अधिकृत मिलन कुमार भट्टराईविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

इन्जिनियर डिल्लीराज खड्काले गाउँपालिका अन्तर्गतको योजनामा रहेको पुलको 'रिडिजाइन' स्वीकृत गराइदिने तथा ठेक्काको भुक्तानी प्रक्रिया सहज गराइदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरिरहेको उजुरी आयोगमा परेको थियो । सोही सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल र इटहरी कार्यालयबाट खटिएको संयुक्त टोलीले इन्जिनियर खड्कालाई सेवाग्राहीबाट ६ लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अख्तियारको विस्तृत अनुसन्धानका क्रममा सो कार्यमा इन्जिनियर खड्का र लेखा अधिकृत मिलन कुमार भट्टराईको आपसी मिलेमतो रहेको पुष्टि भएको छ । योजनामा पुलको डिजाइन, रिडिजाइन, 'थर्ड पार्टी भेरिफिकेसन' तथा भुक्तानीसम्बन्धी कार्य सम्पन्न गर्न र ठेक्काको बिल भुक्तानी गराउन आफूहरूले महत्त्वपूर्ण भूमिका खेली सहजीकरण गरिदिएको भन्दै उनीहरूले सेवाग्राहीसँग ६ लाख रुपैयाँ घुस लिएको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर पुष्टि भएपछि अख्तियारले दुवै जनामाथि जनही ६ लाख रुपैयाँ बिगो कायम गरेको छ। अख्तियारले उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय तथा बिगो बमोजिम जरिवानाको मागदाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

# सवारी दुर्घटनामा युवकको मृत्यु, वडाध्यक्षसहित दुईजना पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ साउन

सवारी दुर्घटनामा परी एक युवकको मृत्यु भएपछि रौतहट प्रहरीले मौलापुर नगरपालिका-३ का वडाध्यक्ष महेश महतो कोइरीसहित दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ ।

इलाका प्रहरी कार्यालय मौलापुरले दुर्घटनामा संलग्न रहेको आरोपमा मौलापुर नगरपालिका-३ का वडाध्यक्षसमेत रहेका मोटरसाइकल चालक कोइरी र अर्का मोटरसाइकल चालक त्रिकिशोर कुशवाहालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार २०८२ साल असार ६ गते दिउँसो करिब १:४० बजे मौलापुर नगरपालिका-३ स्थित विद्युत् कार्यालय नजिकै मौलापुर-जयनगर सडकखण्डमा दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा वडाध्यक्ष महेश महतो कोइरीले चलाएको ना.२५ प १२२५ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको त्रिकिशोर कुशवाहाले चलाएको प्रदेश २-०३-००७ प ६६६५ नम्बरको मोटरसाइकल आपसमा ठोक्किएका थिए ।

प्रदेश २-०३-००७ प ६६६५ नम्बरको मोटरसाइकलको पछाडि सवार मौलापुर नगरपालिका-३ कै करिब २० वर्षीय निरज कुशवाहा दुर्घटनामा गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि अस्पताल लगिएको थियो । तर, उपचारकै क्रममा निरजको २०८२ साल माघ १७ गते बिहान १०:३० बजे मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि प्रहरीले सवारी ज्यान मुद्दाअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाएको थियो । सोही क्रममा २०८३ साल साउन २५ गते दुर्घटनामा संलग्न दुवै मोटरसाइकल चालकलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीले वडाध्यक्ष महेश महतो कोइरी र अर्का चालक त्रिकिशोर कुशवाहाविरुद्ध सवारी ज्यान मुद्दा दर्ता गरी घटनाको थप अनुसन्धान गरिरहेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी बसन्त गौतमले दुवै जनालाई नियन्त्रणमा लिएर घटनाको सूक्ष्म अनुसन्धान भइरहेको जानकारी दिए ।

# समावेशी शिक्षा प्रभावकारी बनाउन सरोकारवालासँग शिक्षामन्त्रीको छलफल



**काठमाडौं/मस**-शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा सरोकारवालासँग छलफल गरेका छन् ।

सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित छलफलमा प्रतिनिधिसभाका सदस्य, अपांगता भएका व्यक्ति तथा शिक्षक, अपांगता अधिकारकर्मी, अगुवा संघसंस्थाका पदाधिकारीलगायत सरोकारवालाको सहभागिता थियो।

छलफलमा समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्डको स्वीकृति, दृष्टिविहीन तथा अन्य अपांगता भएका शिक्षकका समस्या, दृष्टिविहीन, बहिरा तथा श्रवणवृद्धि भएका व्यक्तिसम्बन्धी विषय र विशेष शिक्षा परिषद्सम्बन्धी विषयमा छलफल भएको थियो ।

सहभागीहरूले समावेशी शिक्षा कार्यान्वयनका क्रममा देखिएका नीतिगत तथा व्यावहारिक समस्या समाधान गर्न आवश्यक नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले अपांगता भएका शिक्षकको पेसागत अधिकार, सेवा-सुविधा, विद्यालयमा सहज पहुँच तथा समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्न आग्रह गरेका थिए ।

त्यस्तै, समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड शीघ्र स्वीकृत गरी लागू गर्नुपर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा विधेयकलाई अपांगतामैत्री बनाउनुपर्ने तथा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री र मूल्यांकन प्रणालीलाई समेत अपांगतामैत्री बनाउनुपर्ने सुझाव सहभागीहरूले दिएका थिए।

मन्त्री पोखरेलले सरोकारवालाबाट प्राप्त सुझाव र अनुभवलाई मन्त्रालयले गम्भीरतापूर्वक लिने बताउँदै समावेशी शिक्षा प्रभावकारी बनाउन आवश्यक नीतिगत पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

उनले शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको र राष्ट्रिय पाठ्यक्रम प्रारूप पनि संशोधनको क्रममा रहेकाले यस समयमा सरोकारवालासँगको छलफल महत्वपूर्ण रहेको बताए । आगामी दिनमा नीति तथा कानुन निर्माणका क्रममा उठेका विषयलाई सम्बोधन गर्न छलफललाई निरन्तरता दिने उनको भनाइ थियो ।

सांसद सरिता महतोले अपांगता भएका व्यक्तिको हकअधिकार सुनिश्चित गर्न नीतिगत सुधारसँगै कार्यान्वयनको स्पष्ट रोडम्याप आवश्यक रहेको बताइन् ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०।०८।११ मा दर्ता भएको **प्रा.लि. नं. ३२३८०२** को **मरी पासा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/२७**

यस कम्पनीको मिति २०८३।०४।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **स्काई ईन हस्पिटालिटी प्रा.लि. (दर्ता नं. १२७७९१)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **यती पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/१३ मा दर्ता भएको **प्रा. लि. नं. २८७६२५** को श्री **मिनि इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०७/०५ मा दर्ता भएको **प्रा. लि. नं. १५७४७१** को **अभिनन्दन ब्यान्क्वेट प्रा. लि.** को मिति २०८३/०४/२६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः नारायण प्रसाद रेग्मी**
**इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७९४**

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०४/२७**

यस कम्पनीको मिति २०८३।०३।२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **प्रदेश सञ्चार प्रा.लि. (दर्ता नं. २४०२५७)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार कन्सर्न प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

---

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/२७ गते बुधबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान १२३१ को ३४५०.८० घ.फि. काठ र साल, सिसौ/टिक तथा अन्य जातको दाउरा २१.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**महिला जागृती सा.व.उ.स., मधुवन-६ र ८, बर्दिया**

---

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/२७ गते बुधबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान ११०४ को १४५०.२८ घ.फि. काठ र साल अन्य मिश्रित दाउरा १४.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**असारी सा.व.उ.स., मधुवन-२, बर्दिया**

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०७/०१ मा दर्ता भएको **प्रा.लि. नं. ३२२२६३** को **पेट भेट सर्भिस प्रा. लि.**को मिति २०८३/०४/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः संजय कुमार शाह, इजाजतपत्र नं. ३९१**
**ठेगाना : सुर्यविनायक-०२, भक्तपुर, फोन नं. ९८४१४४९३३८**

---

**प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, बबरमहल, काठमाण्डौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०४/२७ गते बुधबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०१/०९ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएकोले, मिति २०८२/११/१५ गते शुक्रबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजानिक सुचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएकोले, मिति २०८३/०३/२३ गते मंगलबारको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजानिक सुचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०५/०३ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दिनको ठीक ३ :०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी जमानतकर्ता तथा धितोको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६९/१२/०५ मा दर्ता नं.११०६३८/०६९/०७० मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरीक राजस्व विभाग आन्तरीक राजस्व कार्यालय काठमाण्डौ २ र करदाता सेवा कार्यालय नयाँसडकबाट मिति २०७०/०१/०४ मा मु.अ.कर.दर्ता स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं.६०१०९३४९६ को प्रमाणपत्र प्राप्त **जय अम्बे सारी शोरुम प्रा.लि.** ।
ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २४ (साबिक का.म.न.पा.वडा नं.२५)

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : रुपेश कुमार पाण्डेय** (ना.प्र.नं. ९१५५१६८१, मिति २०५१/०५/०८, जि.प्र.का.पर्सा)<br>स्थाई ठेगाना : पर्सा जिल्ला, पकाहा मैनपुर गा.पा. वडा नं. २ (साविक सुर्जाहा गा.वि.स.वडा नं. २) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबु : बृजमोहन पाण्डेय ।<br>बाजे : रघुनाथ पाण्डेय । | **जमानतकर्ताः सुमिता ढकाल** (ना.प्र.नं. २६/००२, मिति २०५२/०९/१७ जि.प्र.का. मकवानपुर) ।<br>स्थाई ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ११ (साबिक हेटौडा न.पा. वडा नं.११) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबुः जगन्नाथ शर्मा ।<br>पति : रुपेश कुमार पाण्डेय । ससुराः बृजमोहन पाण्डेय । |

**२.ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन,२०६३ अन्तर्गत मिति २०७३/०२/१६ मा दर्ता नं.१५००९०/७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरीक राजस्व विभाग आन्तरीक राजस्व कार्यालय करदाता सेवा कार्यालय नयाँ बानेश्वरबाट मिति २०७३/०२/२० र मु.अ.कर. मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं.६०४२६७४४९ को प्रमाणपत्र प्राप्त **फेशन स्टोर नेपाल प्रा.लि.** । ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३१ (साबिक का.म.न.पा.वडा नं. ३४) ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : रुपेश कुमार पाण्डेय** (ना.प्र.नं. ९१५५१६८१, मिति २०५१/०५/०८, जि.प्र.का.पर्सा) ।<br>स्थाई ठेगाना : पर्सा जिल्ला, पकाहा मैनपुर गा.पा. वडा नं. २ (साविक सुर्जाहा गा.वि.स.वडा नं. २) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबु : बृजमोहन पाण्डेय ।<br>बाजे : रघुनाथ पाण्डेय । | **जमानतकर्ताः सुमिता ढकाल** (ना.प्र.नं. २६/००२, मिति २०५२/०९/१७ जि.प्र.का. मकवानपुर) ।<br>स्थाई ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ११ (साबिक हेटौडा न.पा. वडा नं.११) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबुः जगन्नाथ शर्मा ।<br>पति : रुपेश कुमार पाण्डेय । ससुराः बृजमोहन पाण्डेय । |

**३. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७१/११/१२ मा दर्ता नं.१३२६८३/०७१/०७२ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरीक राजस्व विभाग आन्तरीक राजस्व कार्यालय क्षेत्र नं २ करदाता सेवा कार्यालय नयाँ सडकबाट मिति २०७१/११/२६ र मु.अ.कर.दर्ता स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं.६०२४७७५६१ को प्रमाणपत्र प्राप्त **आर.पि.ग्रुप प्रा.लि.** । ठेगानाः काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २२ ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : रुपेश कुमार पाण्डेय** (ना.प्र.नं. ९१५५१६८१, मिति २०५१/०५/०८, जि.प्र.का.पर्सा) ।<br>स्थाई ठेगाना : पर्सा जिल्ला, पकाहा मैनपुर गा.पा. वडा नं. २ (साविक सुर्जाहा गा.वि.स.वडा नं. २) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबु : बृजमोहन पाण्डेय ।<br>बाजे : रघुनाथ पाण्डेय । | **जमानतकर्ता : सुमिता ढकाल** (ना.प्र.नं. २६/००२, मिति २०५२/०९/१७ जि.प्र.का. मकवानपुर) ।<br>स्थाई ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ११ (साबिक हेटौडा न.पा. वडा नं.११) ।<br>हालको ठेगाना : का.जि.का.म.न.पा. वडा नं. ३२, कोटेश्वर ।<br>बाबु : जगन्नाथ शर्मा ।<br>पति : रुपेश कुमार पाण्डेय । ससुराः बृजमोहन पाण्डेय । |

**लिलाम बिक्री हुने धितो सुरक्षणको विवरण :**

१ **सुमिता ढकाल** को नाममा मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १४ सिट नं १०२११४३०९ स्थित कि.नं. १५९ र १६० को क्रमश क्षेत्रफल १७१.३० र १७१.३० (व.मि.) को घर/जग्गा र घर/जग्गाले चर्चेको लिगलगापात समेत ....१

२ ऋणी **जय अम्बे सारी शोरुम प्रा.लि.**, **फेशन स्टोर नेपाल प्रा.लि.** र **आर.पि. ग्रुप प्रा.लि.** को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ** स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति शेयर सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ** स्थित कर्जा असुली विभागमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# ‘साम्राज्य’मा दयाहाङको इन्ट्री

**काठमाडौं/मस-** निर्देशक सौरभ चौधरीले नयाँ चलचित्र ‘द राइज अफ साम्राज्य’का लागि अभिनेता दयाहाङ राईलाई मुख्य भूमिकामा अनुबन्ध गरेका छन् । सौगात मल्लपछि सौरभले मुख्य भूमिकामा दयाहाङलाई अनुबन्ध गराएका हुन् । नेपाली रजतपटको यो हिट जोडी हो। ‘लुट’बाट एकैपटक स्टार बनेका यी दुई अभिनेताको प्रवेशसँगै यो सिनेमा प्रतिक्षित बन्नेछ। यी दुई अभिनेता एउटै सिनेमामा देखिँदा दर्शकमा उत्साह र कौतुहलता थपिने गरेको छ । ‘हामीले हालसम्म सौगात र दयाहाङलाई हाम्रो चलचित्रमा भित्र्याएका छौं । यी दुई नामसँगै हामीसँग अझै सरप्राइजिङ नाम बाँकी नै छ,’ सौरभले भने, ‘हामी यो पटक हाम्रो सिनेमालाई राम्रो र प्रतिक्षित बनाउन कुनै पनि कसर बाँकी राख्ने छैनौं । दर्शकलाई सकेसम्म राम्रो र स्तरीय सिनेमा दिनु हाम्रो उद्देश्य हो ।’ दयाहाङ र सौगातको प्रवेश तथा सौरभको भनाइले यो सिनेमाको लाइनअप निकै बलियो हुने देखिएको छ ।

निर्देशक सौरभले दयाहाङसँग पहिलो पटक सहमार्य गर्न लागेका हुन् । यस चलचित्रमा दयाहाङलाई भिन्न चरित्रमा देख्न पाइने सौरभको भनाइ छ ।

डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्र मल्टीस्टार बन्ने पनि निश्चित भएको छ ।

यो चलचित्रमा उपन्यासकार बुद्धिसागरले कथा र पटकथा लेखेका छन्। यो चलचित्र ‘एपिक एक्सन ड्रामा’ हुने निर्देशक चौधरीले बताएका छन् ।

सौरभ चौधरी यसपटक पहिलेको तुलनामा अझ ठुलो क्यानभासमा फिल्म खिच्ने योजनामा छन्। यो नेपाली सिनेमाकै ठुलो स्केलको एक्सन चलचित्र हुने निर्माण पक्षको दाबी छ । चलचित्रको छायांकन आगामी भदौ पहिलो साताबाट सुरु हुनेछ। निर्माण टिमले ७० दिनको छायांकन तालिका तयार पारेको छ, जसको अधिकांश हिस्सा पूर्वी नेपालमा खिचिनेछ ।

यो चलचित्रको निर्मातामा प्रवेश चौधरी र निला देव रहेका छन् । को-प्रोडुसरमा विश्वास बस्नेत (बेन) र कार्यकारी निर्मातामा शंकर पाण्डे छन् ।

मानकृष्ण महर्जनको डीओपी रहने यो चलचित्रको एक्सन डिरेक्टरमा श्री श्रेष्ठ छन् । डिजिटल पाटर्नरमा ओएसआर डिजिटल रहेको छ भने पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो छ। यो चलचित्रको वितरकमा डिसीएन रहेको छ ।



# मोतीराजले ल्याए तिज गीत ‘कम्मरु भाँचौंला’




**काठमाडौं/मस-** नेपाली मौलिक तिज संस्कृति, चेलीबेटीको माइतीप्रतिको आत्मीयता र पर्वको उल्लासलाई समेटेर तयार पारिएको नयाँ तिज गीत ‘कम्मरु भाँचौंला’ सार्वजनिक भएको छ । लोकप्रिय गायक तथा सर्जक मोतीराज खनालको यस सांगीतिक प्रस्तुतिलाई सोमबार चर्चित सांगीतिक कार्यक्रम ‘इन्द्रेणी’ को सेटमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको हो । गायक खनालकै अध्यक्षतामा सम्पन्न सो समारोहमा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष एवं वरिष्ठ कलाकार उत्तम केसी प्रमुख अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रमलाई समाजसेवी तथा अभियन्ता प्राञ्जल मिश्रले सञ्चालन गरेका थिए ।

सो अवसरमा वरिष्ठ कलाकार पार्वती अधिकारी, इन्द्रेणीका अध्यक्ष तथा सञ्चालक कृष्ण कँडेल र ऋषिराम भुसाल लगायत विभिन्न कलाकार, सञ्चारकर्मी तथा शुभेच्छुकहरूको उपस्थिति रहेको थियो । समारोहमा उपस्थित अतिथिहरूले गीतको सिर्जनासँगै तिज संस्कृतिको मौलिकता जोगाउनुपर्ने र नेपाली लोकसंगीतको संरक्षणमा यस्ता सिर्जनाको भूमिका कस्तो रहन्छ भन्ने विषयमा समेत आफ्ना भनाइ राखेका थिए ।

औपचारिक उद्घाटनपश्चात् चर्चाको केन्द्रमा रह्यो, गीतको उच्च प्राविधिक तथा सांगीतिक पक्ष । ‘द म्युजिक एरा’ स्टुडियोमा रेकर्ड गरिएको यस गीतमा मोतीराज खनाल, बैकुण्ठ महत र रेखा पोखरेलले सुमधुर स्वर दिएका छन् । गीतको मर्मलाई न्याय गर्ने शब्दहरू मोतीराज खनाल र किरण पन्थीले कोरेका हुन् भने यसको संगीत सिर्जना स्वयं खनालले नै गरेका हुन्। लक्षु प्रकाश मल्लको उत्कृष्ट संगीत संयोजन तथा कृष्ण बाजुरालीको स्तरीय रेकर्डिङ र मिक्सिङले गीतको श्रव्य पक्षलाई अत्यन्तै प्रभावकारी बनाएको छ ।

अडियोको यही मिठासलाई पर्दामा जीवन्त रूप दिन निर्देशक तथा कोरियोग्राफर शिवाजी क्षेत्रीले निकै मेहनत गरेका छन्। भिडियोमा भुवन के पोखरेल, जुना कार्की, भगवान भण्डारी र रेणुका बरालको उत्कृष्ट अभिनय र आकर्षक नृत्य देख्न सकिन्छ । कलाकारहरूको प्रस्तुतिलाई मेकअप आर्टिस्ट शंकर सुमनको शृंगारले थप निखारेको छ भने सुनील राउत र उनको टोलीको छायांकन तथा प्रमोद बमको स्तरीय भिजुअल सम्पादन र रङ संयोजनले भिडियोलाई आकर्षक बनाएको छ। विभिन्न जिल्लाका चेलीहरूको सामूहिक सहभागिताले भिडियोमा तिजको मौलिक र सामूहिक रौनकता थपेको छ ।

‘कम्मरु भाँचौंला’को भिडियोले एक रोचक र मर्मस्पर्शी पारिवारिक कथालाई प्रस्तुत गरेको छ। तिजको अवसरमा श्रीमती माइत जाने तयारीमा रहँदा श्रीमानले ‘यसपालि माइत नजाऊ, सँगै नाचौंला’ भन्दै फकाउने रमाइलो प्रसंगबाट भिडियो अगाडि बढ्छ। तर, जब माइतीबाट बुबाको फोन आउँछ, तब कथाले एउटा भावनात्मक र गहिरो मोड लिन्छ। यसले तिजमा छोरी-चेलीलाई माइती बोलाउने परापूर्वकालदेखिको परम्परा, बुबाआमाको निस्वार्थ माया र माइतीप्रतिको अटुट आत्मीयतालाई अत्यन्तै मार्मिक ढंगले चित्रण गरेको छ । पछिल्लो समय तिजगीतमा मौलिकता हराउँदै गएको बहस चलिरहेका बेला ‘कम्मरु भाँचौंला’ले परम्परागत तिजको भावनालाई आधुनिक प्रस्तुति र मनोरञ्जनसँग सुन्दर ढंगले जोड्ने प्रयास गरेको छ। तिजको मौलिक स्वाद, छमछमी नाच्न मिल्ने लय र पारिवारिक कथावस्तुका कारण यो गीतले आम दर्शक तथा श्रोताको मन जित्ने पूर्ण अपेक्षा गरिएको छ। यो गीत गायक मोतीराज खनालको आधिकारिक युट्युब च्यानलमार्फत विश्वभरका नेपाली संगीत प्रेमीहरूका लागि सार्वजनिक गरिएको हो ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४७/११/१३ मा दर्ता भएको **प्रा.लि.नं. ४३८८** को **रोली गार्मेण्टस प्रा. लि.** को मिति २०८३/०३/३२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगाना: का.म.न.पा.-९, काठमाण्डौ**
**सम्पर्क: ९८६३५४२२९०**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/३० मा दर्ता भएको **दर्ता नं. १२५५३३/०७१/०७२ को मिस्टिक फ्याइट्स एण्ड एक्सपिडिसन्स प्रा.लि.** को मिति २०८३/०४/२० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर : शिवराम तिमिल्सीना**
**इजाजत पत्र नं. १५८**
**ठेगाना : अनामनगर, काठमाडौं**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०३/२९ मा दर्ता भएको **प्रा. लि. नं. १७०८०५** को श्री **सुनसरी कृषि फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०२/१२ मा दर्ता भएको **दता नं. ७३११८** को **न्यिन्वा रिसोर्ट प्रा. लि.** को मिति २०८३/०४/२५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ,**
**इजाजत पत्र नं. ४०४, ठेगाना : त्रिपुरेश्वर, काठमाडौं**
**फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०९/०३ मा दर्ता भएको **सेम्रक एजुकेशन कन्सल्टेन्सी प्रा.लि (प्रा.लि.नं. १८००४६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**वैदेशिक रोजगार विभाग, काठमाडौं**

**दावी विरोध सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०४/२७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री **Highlander Employment Consultancy Pvt. Ltd. (इ.प.नं. २९१/०५८/५९)** को तपसिल बमोजिमका सञ्चालकहरु/ शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. भरत प्रसाद पाठक - (०१ - ४५,०००) | १. भरत प्रसाद पाठक - (०१ - ४०,०००) |
| | २. हरी प्रसाद सिटौला - (४०,००१ - ६५,०००) |
| २. हरी प्रसाद सिटौला - (४५,००१ - ७५,०००) | ३. महेश राज सिटौला - (६५,००१ - ८५,०००) |
| | ४. भावना खड्का मिश्र - (८५,००१ - ९०,०००) |
| ३. महेश राज सिटौला - (७५,००१ - १,००,०००) | ५. उज्वल धिताल - (९०,००१ - ९५,०००) |
| | ६. गंगा दत्त भट्ट - (९५,००१ - १,००,०००) |

**कुवेतमा रोजगार**

कम्पनी : RITAL BUILDING AND ROAD CLEANING CONTRACTING COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०४/२६ चलानी नं.: ६०२५९५७१ LT. No.:346380

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Building Cleaner | 4 | 0 | स. काममा दक्ष | 150 | ७४३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EVE NEPAL OVERSEAS PVT. LTD.** Govt.Lic.No: 1013/068/69
Shantinagar, Kathmandu, Tel No: 4107520, 4622436
Email: evenepal88@gmail.com, Website: www.evenepaloverseas.com

**साउदीमा रोजगार**

कम्पनी : MAHDI SALEM ALYAMI Company शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८३/०४/२६ चलानी नं.: ६०२५९५७८ L.T. No.: 346416

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ४०५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

**FLYING OVERSEAS PVT.LTD**
Gopi Krishna Marga, Chabahil-7, Kathmandu, Nepal, Phone : +977-01-5929279, 5929249,
Ajay Kumar Rajak Contact No : 9768528899, Email: flyingoverseas432@gmail.com,
info@flyingoverseasnepal.com, Web: www.flyingoverseasnepal.com
Govt. Lic No.: 1827/082/083

**बहराइनमा रोजगार**

कम्पनी: MASSAGE BOUTIQUE शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०८३/०४/२६ चलानी नं.: ६०२५९५७३ LT. No.: 346397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FEMALE NAIL ARTIST | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६०५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MESSAGE THERAPIST.. | 0 | 1 | | 150 | ६०५४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

**EMINENCE** Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu, Tel: 4110036, 4110040,
SUBASH KHADKA: 9709139159, , SANGAT LAMA: 9801040520 ,
DEVENDRA PAUDEL:- 9849964370, ,MANOJ KUMAR KARKI: 9841461232
Email: info@eminencenepal.com, Web: www.eminencenepal.com

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८३ साल साउन महिना २७ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

राम प्रसाद श्रेष्ठ नाति मदन प्रसाद सुबालको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ५ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **प्रकाश प्रसाद सुबाल** (ना.प्र.नं.: २०९७, जारी मिति र जिल्ला : २०४४/१२/११, स्याङ्जा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मदन प्रसाद सुबालको बुहारी प्रकाश प्रसाद सुबालको पत्नी स्याङ्जा जिल्ला पिडिखोला वडा नं. ८ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं.११ बस्ने **रमा कुमारी सुबाल** (ना.प्र.नं.: ३१३१९, जारी मिति र जिल्ला : २०५१/१०/१२, स्याङ्जा)

२) धन बहादुर सारुको नाति दान बहादुर सारुको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं. २ हाल, तानसेन न.पा. वडा नं. ८, बस्ने **असोक सारु** (ना.प्र.नं.: ३९-०१-७०-०२५०२, जारी मिति र जिल्ला : २०७०/०४/०२, पाल्पा)

**२) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

धन बहादुर विश्वकर्माको बुहारी प्रभु थापाको पत्नी रुपन्देही जिल्ला देवदह वडा नं. ९ हाल, सिद्धार्थनगर न.पा. वडा नं. १ बस्ने **सीमा थापा** (ना.प्र.नं.: ४२८७७, जारी मिति र जिल्ला : २०६४/०२/०२, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

धन बहादुर विश्वकर्माको नाति प्रभु थापाको छोरा रुपन्देही जिल्ला देवदह नं.पा. वडा नं. १० हाल, सिद्धार्थनगर न.पा. वडा नं. १ बस्ने **नवराज थापा** (ना.प्र.नं.: ३७-०२-७९-०४६८६, जारी मिति र जिल्ला : २०७९/०४/२०, रुपन्देही)

**३) शाखा कार्यालय : लम्की शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

दिल बहादुर बुढामगरको नाति सन्त बहादुर बुढामगरको छोरा कैलाली जिल्ला बलिया वडा नं. ८ हाल, लम्कीचुहा न.पा. वडा नं. १ बस्ने **देव बहादुर बुढामगर** (ना.प्र.नं.: ६७२००२/२२५०, जारी मिति र जिल्ला : २०६६/१२/१९, कैलाली)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) दिल बहादुर बुढामगरको नाति सन्त बहादुर बुढामगरको छोरा कैलाली जिल्ला बलिया गा.वि.स. वडा नं. ९ हाल, लम्कीचुहा न.पा. वडा नं. १ बस्ने **गणेश बहादुर बुढामगर** (ना.प्र.नं.: ४८१२-१६७१, जारी मिति र जिल्ला : २०५८/०९/१६, कैलाली)

२) उजर सिँह बुढामगरको नातिनी दिल बहादुर बुढामगरको छोरी कैलाली जिल्ला बलिया वडा नं. ९ हाल, लम्कीचुहा न.पा. वडा नं. १ बस्ने **अमरिता देवी चलाउने** (ना.प्र.नं.: ६८००/५४९५, जारी मिति र जिल्ला : २०४६/०९/०१, कैलाली)

**४) शाखा कार्यालय : मनहरी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

हस्त बहादुर बुढाथोकीको बुहारी भेष बहादुर बुढाथोकीको पत्नी मकवानपुर जिल्ला खैराङ वडा नं. २ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **क्षेत्र कुमारी मल्ल** (ना.प्र.नं.: ३१-१०-६९-०००३८ जारी मिति र जिल्ला : २०६९/०२/२०, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जित बहादुर बुढाथोकीको नाति हस्त बहादुर बुढाथोकीको छोरा मकवानपुर जिल्ला खैराङ वडा नं. १ हाल, मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ७ बस्ने **प्रेम बहादुर बुढाथोकी** (ना.प्र.नं.: ३१३०४०/३११ जारी मिति र जिल्ला : २०६३/१०/२४, मकवानपुर)

२) नरेन्द्र बहादुर मल्ल ठकुरीको नाति झटक बहादुर मल्ल ठकुरीको छोरा मकवानपुर जिल्ला खैराङ वडा नं. २ हाल, मनहरी गा.पा. वडा नं. ७ बस्ने **चित्र बहादुर मल्ल ठकुरी** (ना.प्र.नं.: ३१-०१-७३-०३०३० जारी मिति र जिल्ला : २०७३/०३/०२, मकवानपुर)

**५) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

चन्द्रदेव यादवको छोरी राम पुजन यादवको बुहारी चन्द्र नारायण यादवको पत्नी सिराहा जिल्ला वरियारपट्टी वडा नं. १ हाल, सिराहा जिल्ला वरियारपट्टी गा.पा. वडा नं. ३ बस्ने **अनिता कुमारी यादव** (ना.प्र.नं. : १५-०१-७१-०७९५५ जारी मिति र जिल्ला : २०७१/११/१२, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राजलाल यादवको नाति राम पुजन यादवको छोरा सिराहा जिल्ला वरियारपट्टी वडा नं. १ हाल, वरियारपट्टी गा.पा. वडा नं. ३ बस्ने **चन्द्र नारायण यादव** (ना.प्र.नं.: ६९/४२/१२० जारी मिति र जिल्ला : २०५१/०६/१२, सिराहा)

२) गेनाई यादवको नाति राज लाल यादवको छोरा सिराहा जिल्ला औरही वडा नं. ७ हाल, वरियारपट्टी गा.पा. वडा नं. ३ बस्ने **रामपुजन यादव** (ना.प्र.नं.: ०३२३०१२० जारी मिति र जिल्ला : २०३५/०७/१२, सिराहा)

**६) शाखा कार्यालय : कुमारीपाटी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

किशोर खत्रीको छोरी रचन्द्र बहादुर बोगटीको बुहारी शिव कुमार बोगटीको पत्नी झापा जिल्ला चन्द्रगढी वडा नं. ३ हाल, भद्रपुर म.न.पा. वडा नं. १२ बस्ने **स्वेता खत्री के.सी.** (ना.प्र.नं.: ०४१००७/७७८ जारी मिति र जिल्ला : २०६५/०७/०७, झापा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जगत बहादुर बोगटीको नाति चन्द्र बहादुर बोगटीको छोरा झापा जिल्ला चन्द्रगढी वडा नं. ३ हाल, भद्रपुर म.न.पा. वडा नं. १२ बस्ने **शिव कुमार बोगटी** (ना.प्र.नं.: १८६०५६५८ जारी मिति र जिल्ला : २०५८/०८/१९, झापा)

२) जितु चौधरीको नाति नथुनी चौधरीको छोरा सर्लाही जिल्ला ईश्वरपुर वडा नं. ९ बस्ने **निरज कुमार चौधरी** (ना.प्र.नं.: १९-०२-७१-०४२१३ जारी मिति र जिल्ला : २०७१/१०/१२, सर्लाही)

**७) शाखा कार्यालय : ईटहरी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

कर्ण बहादुर कटुवालको नाति चन्द्र बहादुर कटुवालको छोरा सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ८ हाल, वडा नं. ९ बस्ने **बलराम कटुवाल** (ना.प्र.नं. : ३३७-४५६३९ संखुवासभा जारी मिति र जिल्ला : २०४८/०३/२७, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चन्द्र बहादुर कटुवालको बुहारी बलराम कटुवालको पत्नी सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ८ हाल, वडा नं. ९ बस्ने **तारा कटुवाल** (ना.प्र.नं. : १०२७९-२८१३ संखुवासभा जारी मिति र जिल्ला : २०६०/०१/२८, सुनसरी)

२) कृष्ण प्रसाद वस्तीको नाति चिरञ्जीवी वस्तीको छोरा मोरङ्ग जिल्ला दुलारी गा.बि.स. वडा नं. १ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ४ बस्ने **उमेश वस्ती** (ना.प्र.नं. : ३६७१४ जारी मिति र जिल्ला : २०५५/०४/१२, मोरङ्ग)

३) समपत लाल चौधरीको नाति सगुम लाल चौधरीको छोरा सुनसरी जिल्ला ईटहरी वडा नं. ९ हाल, ईटहरी उ.म.न.पा. वडा नं. ९ बस्ने **राजेश चौधरी** (ना.प्र.नं. : ०६१००५-१५६९७५ जारी मिति र जिल्ला : २०६७/०८/१४, सुनसरी)

**८) शाखा कार्यालय : ईटहरी शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

सन्त कुमार तामाङ्गको छोरी प्रेम कुमार तामाङ्गको बुहारी राज कुमार तामाङ्गको पत्नी सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ३ हाल, ईटहरी उ.म.न.पा. वडा नं. ३ बस्ने **आसा तामाङ्ग** (ना.प्र.नं. : ९१९२४/९२९२४ जारी मिति र जिल्ला : २०६१/०८/०१, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जवर बहादुर तामाङ्गको नाति राम बहादुर तामाङ्गको छोरा सुनसरी जिल्ला ईटहरी न.पा. वडा नं. २ हाल, ईटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **सुजन तामाङ्ग** (ना.प्र.नं. : ०६-०१-७०-०३३२९ जारी मिति र जिल्ला : २०७०/०३/१२, सुनसरी)

२) मकर बहादुर तामाङ्गको नातिनी प्रेम कुमार तामाङ्गको छोरी भोजपुर जिल्ला बोया वडा नं. ४ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **निर्मला तामाङ्ग** (ना.प्र.नं. : ०९३०१४/५२२ जारी मिति र जिल्ला : २०७०/०२/३०, भोजपुर)

३) धन बहादुर तामाङ्गको नाति लक्ष्मण तामाङ्गको छोरा धनकुटा जिल्ला महालक्ष्मी न.पा. वडा नं. ४ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **प्रदिप तामाङ्ग** (ना.प्र.नं. : ०७-०१-७७-०१३११ जारी मिति र जिल्ला : २०७०/०९/१२, धनकुटा)

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# फिफा अध्यक्ष इन्फान्टिनोविरुद्ध मोर्चाबन्दी

## नेपाल निलम्बनमा रहेकाले मतदान गर्न नपाउने



**काठमाडौं/मस-** विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनो आगामी मार्चमा हुने निर्वाचनमा सहजै चौथो कार्यकालका लागि चुनिन सक्ने आकलन गरिएको थियो । तर, विश्वकप र अन्य प्रतियोगिताको हिस्सा निजी लगानीकर्ताहरूलाई बेच्ने उनको योजना असफल भएपछि पछिल्लो दुई हप्तामा परिस्थिति निकै फेरिएको छ । अहिले उनी पदमा रहिरहने वा बाहिरिने भन्ने विषयमा विश्व फुटबल विभाजित बनेको छ ।

फिफाका कूल २११ सदस्यमध्ये नेपाल हाल निलम्बित अवस्थामा रहेको छ। निलम्बनका कारण नेपालसँग आगामी निर्वाचनमा मतदान गर्ने कुनै अधिकार रहने छैन । नेपाल बाहेकका अन्य २१० सदस्यहरूले यस निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

इन्फान्टिनोविरुद्ध कडा प्रतिस्पर्धा हुने संकेतहरू देखिएका छन् । यदि उनीविरुद्ध एउटा साझा उम्मेदवार खडा गरिएमा यो निर्वाचन प्रत्यक्ष भिडन्तमा परिणत हुनेछ। दुई उम्मेदवारबीच प्रतिस्पर्धा हुँदा जितका लागि साधारण बहुमत अर्थात् १०६ मतको आवश्यकता पर्छ । फिफा अन्तर्गत युरोपसँग ५५, अफ्रिकाका ५४, एसियाका ४६, उत्तर अमेरिकाका ३५, ओसिनियाका ११ र दक्षिण अमेरिकाका १० मतहरू रहेका छन् ।

अहिलेको प्रारम्भिक समीकरण हेर्दा इन्फान्टिनोको पक्षमा ७३ मत, विपक्षमा १२४ मत र १३ मतहरू अझै अनिर्णित रहेका छन् । यद्यपि यो अवस्था निकै परिवर्तनशील रहेकाले आगामी महिनाहरूमा बदलिन सक्ने जनाइएको छ ।

'धोकाधडी'को आरोप र विरोध इन्फान्टिनोविरुद्ध युरोपियन फुटबल महासंघ, उत्तर अमेरिकाको कन्काकाफ र एसियाली फुटबल महासंघले संयुक्त रूपमा 'धोकाधडी' गरेर विश्वास तोडेको आरोप लगाउँदै पत्र जारी गरेका छन् । यी तीन क्षेत्र अन्तर्गत कूल १३६ सदस्य राष्ट्रहरू पर्छन् । इंग्ल्यान्ड र वेल्स जस्ता युरोपेली देशहरूले यसअघि इन्फान्टिनोलाई पठाएको समर्थन पत्र औपचारिक रूपमा फिर्ता लिइसकेका छन् ।

तथापि, एसियाका भुटान, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स भने इन्फान्टिनोको समर्थनमा उभिएका छन् । मेक्सिकोले पनि कन्काकाफको निर्णय विपरीत इन्फान्टिनोलाई समर्थन गरेको छ । अमेरिका र क्यानडाले भने कन्काकाफको वक्तव्यलाई समर्थन गरे पनि इन्फान्टिनो विरुद्ध खुलेर विरोध जनाइसकेका छैनन् ।

अफ्रिका र दक्षिण अमेरिकाका देशहरू इन्फान्टिनोका कट्टर समर्थक मानिन्छन्, जसले उनको एक दशक लामो कार्यकालमा ठूलो मात्रामा फिफाको लगानी प्राप्त गरेका छन् । फिफा फरवार्ड कार्यक्रम अन्तर्गत उपलब्ध गराइएको अर्बौं डलरको लगानीका कारण साना फुटबल राष्ट्रहरू इन्फान्टिनोको पक्षमा उभिन सक्ने देखिन्छ ।

निर्वाचनका लागि नयाँ उम्मेदवारले आगामी नोभेम्बरसम्ममा आफ्नो दाबेदारी घोषणा गरिसक्नुपर्नेछ। हालसम्म कसैले औपचारिक घोषणा नगरे पनि कन्काकाफका अध्यक्ष भिक्टर मोन्टाग्लियानीलाई इन्फान्टिनोको सबैभन्दा बलियो चुनौतीकर्ताका रूपमा हेरिएको छ ।

# पुष्पसदनलाई सफलता

काठमाडौं/मस- पुष्पसदनले जुनियर क्रिकेट लिग (जेसीएल) सिजन २ मा मंगलबार जित हात पारेको छ । एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा भइरहेको प्रतियोगितामा पुष्पसदनले नवोदित विद्या कुञ्जलाई १५ रनले पराजित गर्‍यो । मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा आयोजक एन्जल्सले केएमसीलाई १८ रन, त्रिलोकले क्रिएटिभलाई ७ विकेट, डिएभी (नीलो)ले मनमैजुलाई १ सय २२ रन, श्री गम्भीर समुन्द्र सेतुले स्कोलर्स होम एकेडेमीलाई ८ विकेट र क्रिएटिभले केएमसीलाई ६ विकेटले हराए । एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा काठमाडौं गोर्खाजको सहयोगमा भइरहेको टी-१० इन्डोर छात्र क्रिकेटको अन्य खेलमा आरम्भ एकेडेमीले नवोदितलाई २१ रन, द सेलिब्रेन को-एडले जेम्सलाई ६ विकेट, केएभसीले त्रिलोकलाई १६ रन र भ्याली पब्लिकले ज्ञानोदयलाई १ सय २५ रनले पाखा लगाए ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर, कैलालीको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८३/०४/२७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ भदौ ०३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जोशीपुर, कैलालीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

**ऋणीहरुको विवरण**

| | |
|---|---|
| १. **राम सेवक चौधरी**<br>ना.प्र.नं.- १४२७<br>जारी मिति - २०५८/०९/१७<br>जि.प्र.का. कैलाली<br>बाबु - विश्राम डगौरा<br>बाजे - लावारी डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न.पा. वडा नं. ०३ (साविक भजनी गा.वि.स.,वडा नं.०७)<br>हालको ठेगाना- ऐ.ऐ...१ र | **भागरती डगौरा**<br>ना.प्र.नं.- १२२३२८८७<br>जारी मिति - २०४३/१०/१६<br>जि.प्र.का. कैलाली<br>बाबु - जुछन डगौरा<br>बाजे - राम विलास डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न.पा. वडा नं. ०३ (साविक भजनी गा.वि.स.,वडा नं.०१)<br>हालको ठेगाना- ऐ.ऐ....१ को संयुक्त नाममा |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **चम्पा देवी चौधरी**<br>ना.प्र.नं.- ६७२०३१/३१३००<br>जारी मिति - २०६९/१२/१९<br>जि.प्र.का. कैलाली<br>बाबु - दुव नारायण महतौ<br>बाजे - मोतीलाल डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न.पा. वडा नं. ०३ (साविक भजनी गा.वि.स.,वडा नं.०७)<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **देविलाल चौधरी**<br>ना.प्र.नं.- ६७२०३१/६२४९<br>जारी मिति - २०६७/०६/१९<br>जि.प्र.का. कैलाली<br>बाबु - विश्राम डगौरा<br>बाजे - लावारी डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न.पा. वडा नं. ०३ (साविक थापापुर गा.वि.स.,वडा नं.०७)<br>हालको ठेगाना- ऐ.ऐ | ३. **राहुल कुमार चौधरी**<br>ना.प्र.नं.- ११५०५<br>जारी मिति - २०६०/०८/२९<br>जि.प्र.का. कैलाली<br>बाबु - विश्राम डगौरा<br>बाजे - लावारी डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी न.पा. वडा नं. ०३ (साविक थापापुर गा.वि.स.,वडा नं.०७)<br>हालको ठेगाना- ऐ.ऐ |

**लिलाम हुने सम्पतीको विवरण**

१. **भागरती डगौरा**को नाममा मालपोत कार्यालय, धनगढी कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. १८८ को क्षे.फ. ०-१०-९ (विगाहा) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८३ भदौ ०२ गते** भित्र बैंकको शाखा कार्यालय जोशीपुर, कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जोशीपुर, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८३ भदौ ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जोशीपुर, कैलालीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जोशीपुर, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ भदौ ०३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय जोशीपुर, कैलाली फोन नं. ०९१-४०१०७२/७३

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालय: थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स: ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८३/०४/२७ गते**

यस वित्तिय संस्थाको नेपालगंज शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अत: धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वत: रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम** : नेपाल सरकार वाणिज्य मन्त्रालय वाणिज्य विभाग वाणिज्य कार्यालय नेपालगञ्ज, बाँकेमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजीम मिति २०७४/०७/१३ गते, प्रा.फ.र.नं. २७४९२/०७४/०७५ मा दर्ता भएको स्थायी लेखा नं.६०७०९११६० भई बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **जालपा मनिट्रान्सफर**<br>**(प्रोप्राईटर : प्रकाश राज त्रिपाठी)**<br>**कर्जाको प्रकार : डिमान्ड कर्जा तथा प्रकाश राज त्रिपाठी र सोभाखर त्रिपाठीको संयुक्त नाममा प्रवाह भएको मञ्जुश्री सजिलो साना कर्जा ।** | **ऋणी/व्यक्तिगत जमानीकर्ता : सोभाखर त्रिपाठी**<br>बाबु : हरि प्रसाद त्रिपाठी<br>बाजे : भुवानी प्रसाद त्रिपाठी<br>ना.प्र.नं.: ३७१०६<br>जारी मिति : २०३८/०१/११, जि.प्र.का.: बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला मानपुर मैनापोखरा नगर/गाउँ पञ्चायत वडा नं. ०७<br>हाल : बर्दिया जिल्ला बढैयाताल गा.पा.वडा नं. ०६ |
| **ऋणी/प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता: प्रकाश राज त्रिपाठी**<br>बाबु : शोभाखर त्रिपाठी<br>बाजे : हरि प्रसाद त्रिपाठी<br>ना.प्र.नं.: १४९३१<br>जारी मिति : २०५८/०४/२३, जि.प्र.का : बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला मैनापोखरा गा.वि.स. वडा नं. ०६ को परिवर्तित बर्दिया जिल्ला बढैयाताल गा.पा.वडा नं. ०६ | **व्यक्तिगत जमानीकर्ता : चन्द्रकला त्रिपाठी**<br>ससुरा : हरि प्रसाद त्रिपाठी<br>पती : शोभाखर त्रिपाठी<br>ना.प्र.नं.: ४२९७<br>जारी मिति : २०४५/०६/०६, जि.प्र.का.: बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला मानपुर मैनापोखरा नगर/गाउँ पञ्चायत वडा नं. ०७<br>हाल : बर्दिया जिल्ला, बढैयाताल गा.पा.वडा नं. ०६ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

क) श्री **सोभाखर त्रिपाठी**को नाममा मा.पो.का. बर्दिया दर्ता कायम रहेको बर्दिया जिल्ला मैनापोखर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ स्थित कि.नं. १३२३ को क्रमश क्षेत्रफल २५४.२५ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरू:**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं
समय : दिउँसो ४:३० बजे, मिति: २०८३/०५/०३ गते

**श्री निशाना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको**
**सोह्रौं वार्षिक साधारणसभामा उपस्थित हुने बारे सूचना**

मिति २०८३ श्रावण २० गते बसेको सञ्चालक समितिको बैठकको निर्यायानुसार यस सहकारीको सौह्रौ वार्षिक सधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका लागि प्रस्तुत हुने विषयहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.ब २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन र आ.ब २०८३/०८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रम पारित गर्ने सम्वन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्युले प्रस्तुत गर्नु हुने आ.ब २०८२/०८३ को वार्षिक आर्थिक प्रगति प्रतिवेदन र आ.ब २०८३/०८४ को लागि प्रस्तावित बजेट पारित गर्ने सम्वन्धमा ।
३. लेखा सुपरीवेक्षण समितिको तर्फबाट समितिको संयोजकज्युले प्रस्तुत गर्नुहुने आ.ब २०८२/०८३ प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
४. आ.ब २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
५. आ.ब २०८३/०८४ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको सम्बन्धमा ।
७. संस्थाको कार्यालय रहने सम्बन्धमा ।
८. संस्थाको विनियम सम्बन्धमा ।
९. सञ्चालक समितिले गरेको निर्णय पारित गर्ने सम्बन्धमा ।
१०. साधारण सभाको माईन्यूट प्रमाणित गर्ने सम्बन्धमा ।
११. विविध ।

**साधारण सभा हुने :**

**मिति :** २०८३ भाद्र १८ गते
**स्थान :** संस्थाको कार्यालय
काठमाण्डौ महानगरपालिका-०९,
भीमसेनगोला, काठमाडौं
**समय :** बिहान ११:०० बजे

सञ्चालक समितिको आज्ञाले
सचिव

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०४/२७**

मिति २०८३/०४/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.के. रेंटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एम.के. होल्डिङ्स् प्रा. लि (प्रा. लि. नं.: ३८५८५३)** कायम गर्ने गरी मिति २०८३/०४/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता भएको **दता नं. १८९७८८** को **एम.टि.एम ग्लोवल सर्भिसेज प्रा. लि.** को मिति २०८३/०४/२६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ,**
**इजाजत पत्र नं. ४०४, ठेगाना : त्रिपुरेश्वर, काठमाडौं**
**फोन नं. ९८५१२१७००४**

**Free Visa Free Ticket साउदीमा वैदेशिक रोजगारीको अवसर**

कम्पनी: ARABIAN CASTLES FOR GENERAL CONTRACTING CO — शहर: Al khobar
पुर्व स्वीकृत मिति: २०८१/०७/२६ — चलानी नं.: ६०२२७८३२ — L.T. No.: 313402 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Bus Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ८१०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office And Facilities Cleaning Worker | 30 | 0 | | 1000 | ४०५३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

**साथै यस कम्पनीको लागि Fitness Instructor, Room Attendent, Janitors, Gas Attendent, Handyman, Driver, Gardener & Barber को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले नि:शुल्क परामर्शको लागि कार्यालयमा सर्म्पक गर्नु होला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TEAMPRO
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, Dhurba khatri Contact no : 9851005822, E-mail: teamprohrs@gmail.com

**बहराइनमा रोजगार**

कम्पनी: VIBRANT SERVICES W.L.L. — शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८१/०८/०९ — चलानी नं.: ६०२२८५०२ — LT. No.:314089 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रु. | | | | | | | |
| 1. | Cleaners | 59 | 21 | सम्बन्धित काममा दक्ष | 100 | ४०३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guards | 29 | 0 | | 150 | ६०५४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE RECRUITING AGENCY PVT. LTD.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mobile: 9851056928, +977 970-4804943,
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

**कतारमा रोजगार**

कम्पनी : MILLENNIUM PLACE DOHA HOTEL — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८३/०१/२५ — चलानी नं.: ६०२५५१५३ — LT. No.: 341825 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Waiter | 3 | 3 | सम्बन्धित काममा दक्ष | 1400 | ५८४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Guest Service Agent | 3 | 0 | | 1600 | ६६७८४ | | | | | | | |
| 3. | Luggage Porter | 3 | 0 | | 1200 | ५००८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८३ भदौ ३ गते (19 August 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sky Star Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

# नाइमा नेपाल मोबिलिटी एक्स्पोको भव्य उद्घाटन

## पहिलो दिनमै २९ हजारभन्दा बढीले गरे अवलोकन

मध्यान्ह संवाददाता
काठमाडौं, २६ साउन

'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६'को मंगलबार भव्य उद्घाटन भएको छ । नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजना गरेको एक्स्पो मंगलबार बिहान नेपाल प्रहरी क्लबको हलमा विशेष औपचारिक कार्यक्रमबीच उद्घाटन गरिएको हो ।

स्पेसल प्यानल अफ गेस्टले उद्घाटन गरेको कार्यक्रममा नाइमाकी अध्यक्ष रितु सिंह वैद्यले एक्स्पो सवारीसाधन किनबेच गर्ने थलो मात्र नभई सम्पूर्ण मोबिलिटी इकोसिस्टमलाई एकै ठाउँमा ल्याउने साझा मञ्च भएको बताइन् । उनले पटक-पटक फेरिने नीतिगत व्यवस्थाले व्यवसायीमा अनिश्चितता सिर्जना गरेकाले नयाँ लगानी भित्रिन समस्या भइरहेको बताइन् । उनले निजी क्षेत्र र सरोकारवालाहरूसँग छलफल गरेर मात्रै नीति परिवर्तन गर्न सरकारलाई सुझाव दिइन् ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले सवारीसाधन बिक्री गरेर मात्रै नहुने र सुरक्षाको क्षेत्रमा सामाजिक उत्तरदायित्व वहन गर्न व्यवसायीहरूलाई सुझाव दिए । उनले ब्रान्डहरूले बिक्रीपछिको सेवामा ध्यान दिनुपर्ने बताए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अन्जन श्रेष्ठले सरकारले अटोमोबाइल क्षेत्रलाई सधैं




राजस्वको स्रोतको रूपमा मात्रै हेरेको गुनासो गरे । अटोमोबाइल क्षेत्रलाई विलासी नभई आवश्यकताको क्षेत्रको रूपमा लिन उनले सुझाव दिए । नेपालमा अटोमोबाइल क्षेत्रमा संसारकै सबैभन्दा उच्च भन्सार दर लागू गरिएको उनले बताए ।

सबै व्यवसायको लागि स्थिर नीति आवश्यक पर्ने भएकाले विद्युतीय सवारीका लागि पनि स्थिर नीति लिन उनले सुझाव दिए । अध्यक्ष श्रेष्ठले निजी क्षेत्र लगानी गर्न तयार रहेको, तर त्यसका लागि सरकारले वातावरण बनाइदिनुपर्ने बताए ।

त्यस्तै, नेपाल उद्योग परिसंघ (सिएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डेले अटोमोबाइल क्षेत्र सरकारलाई राजस्व प्रदान गर्ने प्रमुख क्षेत्रमध्ये एक भएकाले सरकारले उच्च प्राथमिकतामा राखेर हेर्नुपर्ने धारणा राखे । उनले यातायात क्षेत्रमा हुने लगानी र यसको दिगो विकासले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे । त्यसैगरी, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले मोबिलिटी अब यातायातको विषय मात्रै नभएर देशको आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए ।

नेपालको कुल गार्हस्थ उत्पादनमा मोबिलिटी क्षेत्रको करिब ७ प्रतिशत योगदान रहेको तथ्यांक उनले पेस गरे । 'यो क्षेत्र बैंकिङ, बिमा, पर्यटन, निर्माण र सूचना प्रविधिजस्ता विविध क्षेत्रसँग अन्तरसम्बन्धित छ । त्यसैले यस क्षेत्रलाई केवल विलासिता वा उपभोगको क्षेत्रका रूपमा नहेरी आर्थिक विकासको इन्जिनका रूपमा स्वीकार गर्नुपर्छ,' उनले भने ।

### विद्युतीय सवारीमा मुख्य आकर्षण



नाइमा एक्स्पोको पहिलो दिन मंगलबार विभिन्न ब्रान्डले ४८ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेका छन् । त्यस्तै, २९ हजारभन्दा बढीले मेला अवलोकन गरेका छन् । मेला अवधिभरमा करिब डेढ लाखले अवलोकन गर्ने अपेक्षा गरिएको छ । एक्स्पोमा स्वदेशी तथा बहुराष्ट्रिय सवारीसाधन निर्माता र आयातकर्ताको उल्लेख्य सहभागिता रहेको छ । एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन् । एक्स्पोमा बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीले सवारी खरिदका लागि विशेष अफर तथा सहुलियत कर्जा उपलब्ध गराइरहेका छन् ।

# चेरी वान्डाका इभी भ्यान नाइमा एक्स्पोमा, विनाधितो हायर पर्चेज सुविधा

**काठमाडौं/मस-** नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६मा चेरी वान्डाले स्मार्ट विद्युतीय व्यावसायिक इभी भ्यानको स्टल रहेको छ । एक्स्पोमा चेरी वान्डाका विभिन्न क्षमताका विद्युतीय व्यावसायिक सवारीको अवलोकन तथा विस्तृत जानकारी लिन सकिने कम्पनीले जनाएको छ । एक्स्पोमा नाइमा स्टल नम्बर : १६, हल डीमा चेरी वान्डाका ११, १२, १४ र १६ सिट क्षमताका विद्युतीय व्यावसायिक सवारी प्रदर्शनमा राखिएका छन् । व्यावसायिक तथा स्कुल, कलेजहरूलाई ध्यानमा राखेर तयार गरिएका इभी भ्यानमा आधुनिक प्रविधि, पर्याप्त ब्याट्री क्षमता, उच्च पिक पावर र उत्कृष्ट ग्राउन्ड क्लियरेन्सलाई प्राथमिकता दिइएको छ ।

चेरी वान्डाका ११ र १२ सिटका मोडलमा ४१.८६ किलोवाट क्षमताको सिएटिएल ब्याट्री, ७० किलोवाट पिक पावर, १८० मिलिमिटर ग्राउन्ड क्लियरेन्स र एकपटकको चार्जमा ३०० किलोमिटरसम्मको रेन्ज उपलब्ध छ । त्यस्तै, १४ सिट क्षमताको




मोडलमा ५३.५८ किलोवाट सिएटिएल ब्याट्री, ८० किलोवाट पिक पावर, २०० मिलिमिटर ग्राउन्ड क्लियरेन्स तथा ३०० किलोमिटरसम्मको रेन्ज रहेको छ ।

त्यसैगरी, १६ सिट क्षमताको मिनी बसमा ५३.५८ तथा ७० किलोवाट क्षमताको सिएटिएल ब्याट्री, ८० तथा १२० किलोवाट पिक पावर, २१० मिलिमिटर ग्राउन्ड क्लियरेन्स र मोडलअनुसार २८० देखि ३५० किलोमिटरसम्मको रेन्ज उपलब्ध रहेको कम्पनीले जनाएको छ । व्यावसायिक प्रयोजनका लागि विद्युतीय सवारीतर्फ आकर्षण बढिरहेको अवस्थामा चेरी वान्डाका यी इभी भ्यानले यात्रु तथा व्यावसायिक यातायातका लागि आधुनिक, आरामदायी र वातावरणमैत्री विकल्प प्रदान गर्ने अपेक्षा गरिएको छ । यसैबीच, चेरी वान्डाले ग्राहकलाई हायर पर्चेजमार्फत विनाधितो गाडी खरिद गर्ने सुविधासमेत उपलब्ध गराएको जनाएको छ । यसले व्यावसायिक सवारी खरिद गर्न चाहने ग्राहकलाई सहज र पहुँचयोग्य वित्तीय विकल्प उपलब्ध गराउने कम्पनीको विश्वास छ । एक्स्पोमा सहभागी आगन्तुक तथा ग्राहकले चेरी वान्डाका विद्युतीय व्यावसायिक सवारीका मोडल, विशेषता, रेन्ज तथा खरिदका लागि उपलब्ध वित्तीय सुविधाबारे प्रत्यक्ष जानकारी लिन सक्ने कम्पनीले उल्लेख गेको छ ।

# नाइमा एक्स्पोमा स्कुटर 'इन्डी' सार्वजनिक

**काठमाडौं/मस-** भारतको प्रसिद्ध विद्युतीय स्कुटर निर्माता कम्पनी 'रिभर मोबिलिटी' आफ्नो आधिकारिक वितरक 'विशाल ग्रुप'सँगको सहकार्यमा नेपालमा प्रवेश गरेको छ । कम्पनीले काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा एक्स्पो २०२६'मा आफ्नो फ्ल्यागसिप विद्युतीय स्कुटर 'इन्डी' सार्वजनिक गरेको हो । एक्स्पोमा पुग्ने अवलोकनकर्ताहरूले हल बीको स्टल एल ३ एमा पुगेर 'इन्डी' स्कुटर अवलोकन गर्न र प्रि-बुकिङ गर्न सकिनेछ ।

विशाल ग्रुपको अटोमोबाइल क्षेत्रमा ८० वर्षभन्दा बढीको लामो अनुभव र ३५ भन्दा बढी सहरहरूमा फैलिएको बलियो सञ्जालले नेपालमा रिभरको खुद्रा बिक्री र बिक्रीपछिको सेवालाई प्रभावकारी बनाउने कम्पनीको विश्वास छ । नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसनले आयोजना गरेको प्रदर्शनी नेपालको सबैभन्दा ठुलो मोबिलिटी प्रदर्शनी हो, जसले प्रमुख अटोमोबाइल ब्रान्डलाई एकै मञ्चमा ल्याएको छ ।



रिभर मोबिलिटीका सह-संस्थापक तथा मुख्य कार्यकारी अधिकृत अरविन्द मणिले भने, 'नाइमा एक्स्पो २०२६मा रिभर इन्डीलाई नेपाली बजारमा भित्र्याउन पाउनु हाम्रा लागि एक महत्त्वपूर्ण कोसेढुंगा हो । विशाल ग्रुपको बलियो वितरण सञ्जाल र अटोमोबाइल अनुभवले हामीलाई यो यात्रा सुरु गर्न सही आधार दिएको छ । भारतमा अत्यधिक रुचाइएको इन्डी स्कुटरले नेपाली राइडर्सहरूको पनि मन जित्ने हामीलाई पूर्ण विश्वास छ ।'

त्यस्तै, विशाल ग्रुपका डायरेक्टर निकुञ्ज अग्रवालले भने, 'इन्डी स्कुटरलाई नेपाली बजारमा ल्याउन पाउँदा अत्यन्तै खुसी छौं । रिभरको उपयोगिता, टिकाउपन र उत्कृष्ट डिजाइन नेपाली प्रयोगकर्ताको आवश्यकतासँग ठ्याक्कै मेल खान्छ । हाम्रो बलियो राष्ट्रिय सञ्जाल र ग्राहक सेवाप्रतिको प्रतिबद्धतामार्फत हामी नेपालभरका ग्राहकहरूलाई असाधारण अनुभव प्रदान गर्नेछौं ।' 'रिभर इन्डी'ले आफ्नो उत्कृष्ट डिजाइन र अत्याधुनिक विशेषताका कारण छोटो समयमै उपभोक्ताको ध्यान खिच्न सफल भएको छ । दैनिक प्रयोगलाई सहज, प्रयोगात्मक र टिकाउ बनाउने उद्देश्यले निर्माण गरिएको यो स्कुटरले नेपाली सडकको भौगोलिक बनावट र यहाँका राइडर्सको आवश्यकतालाई पूर्ण रूपमा समेटेको कम्पनीले जनाएको छ । प्रतिष्ठित 'रेड डट डिजाइन कन्सेप्ट अवार्ड २०२४' र 'रेड डट प्रोडक्ट डिजाइन अवार्ड २०२५' दुवै जितेर इतिहास रचेको एकमात्र भारतीय दुई-पांग्रे वाहन हो ।

कम्पनीले स्कुटरमा ८ वर्षसम्मको भरपर्दो वारेन्टी प्रदान गरेको छ । साथै, यो स्कुटर विन्टर ह्वाइट, स्टोर्म ग्रे, मनसुन ब्लु, समर रेड र स्प्रिङ येल्लो गरी ५ वटा आकर्षक रङहरूमा बजारमा उपलब्ध छ । दैनिक उपयोगिता र उच्च कार्यसम्पादनको बेजोड मिश्रण रहेको यो विद्युतीय इन्डी स्कुटरले नेपालको अटोमोबाइल बजारमा नयाँ बेन्चमार्क स्थापित गर्ने अपेक्षा गरिएको छ ।

अरविन्द मणि र विपीन जर्जद्वारा स्थापित 'रिभर मोबिलिटी' बेंगलोरमा आधारित विद्युतीय सवारीसाधन निर्माता कम्पनी हो । कम्पनीलाई जापानको यामाहा मोटर कर्पोरेसन, मित्सुइ एन्ड कम्पनी, मारुवेनी कर्पोरेसन, दुवईको अल फुट्टाइम ग्रुप, टोयोटा भेन्चर्सलगायत प्रतिष्ठित अन्तर्राष्ट्रिय तथा भारतीय लगानीकर्ताको बलियो साथ छ ।

# चेतकका दुई नयाँ विद्युतीय स्कुटर सार्वजनिक

**काठमाडौं/मस-** बजाज अटोले नेपालमा चेतकका दुई नयाँ विद्युतीय स्कुटर सार्वजनिक गरेको छ । कम्पनीले चेतक सीर ५०१ र चेतक सी३ ५०३ मोडल नेपालमा सार्वजनिक गरेको हो । हंसराज हुलासचन्द एन्ड कम्पनी लिमिटेडसँगको सहकार्यमा बजाजले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा यी दुई स्कुटर सार्वजनिक गरेको हो । नयाँ मोडल सार्वजनिक भएसँगै नेपालमा चेतकको विद्युतीय स्कुटरको शृंखला थप विस्तार भएको छ । चेतक सीर ५०१मा २.५ किलोवाट घण्टा क्षमताको लिथियम-आयन ब्याट्री जडान गरिएको छ । कम्पनीका अनुसार यसले एकपटकको पूर्ण चार्जमा ११३ किलोमिटरसम्म यात्रा गर्न सक्छ । यसको अधिकतम गति प्रतिघण्टा ६० किलोमिटर रहेको छ ।

यसमा छिटो चार्ज गर्ने सुविधा उपलब्ध छ । उक्त सुविधामार्फत ब्याट्रीलाई शून्यदेखि ८० प्रतिशतसम्म चार्ज गर्न २ घण्टा २५ मिनेट लाग्ने कम्पनीले जनाएको छ । स्कुटरमा रंगीन एलसिडी पर्दा, ब्लुटुथ जडान, संगीत सञ्चालन तथा रोक्ने सुविधा, पछाडि चलाउने सुविधा र २५ लिटर क्षमताको सिटमुनिको भण्डारण स्थान




रहेको छ ।

चेतक सीर ५०१ छ वटा कलरमा उपलब्ध हुनेछ । ग्लसी एक्टिभ ब्ल्याक, ओपालेसेन्ट सिल्भर, क्लासिक ह्वाइट, रेसिङ रेड, ओसन टिल र मिस्टी यल्लो रङमा उपलब्ध हुने यो स्कुटरको मूल्य २ लाख ८१ हजार ९ सय रुपैयाँ तोकिएको छ । त्यस्तै, चेतक सी३ ५०३मा ३.५ किलोवाट घण्टा क्षमताको लिथियम-आयन ब्याट्री जडान गरिएको छ । यसले एकपटकको पूर्ण चार्जमा १५१ किलोमिटरसम्म यात्रा गर्न सक्ने कम्पनीको दाबी छ । यसको अधिकतम गति प्रतिघण्टा ७० किलोमिटर रहेको छ । सी३ ५०३मा डिजिटल एलसिडी पर्दा, ब्लुटुथ जडान, फोनमा आउने कल तथा सन्देशको सूचना र ३५ लिटर क्षमताको सिटमुनिको भण्डारण स्थान रहेको छ । यसमा घोडाको नालजस्तो आकारको अगाडिको बत्ती राखिएको छ, जसले पुरानो चेतकको डिजाइन झल्काउने कम्पनीले जनाएको छ । सी३ ५०३ इन्डिगो मेटालिक, ब्रुकलिन ब्ल्याक, म्याट चार्कोल ग्रे र साइबर ह्वाइट गरी चार रङमा उपलब्ध हुनेछ । यसको मूल्य ३ लाख ३९ हजार ९ सय रुपैयाँ तोकिएको छ । नयाँ स्कुटर सार्वजनिक गर्दै हंसराज हुलासचन्द एन्ड कम्पनी लिमिटेडका निर्देशक अभिमन्यु गोल्छाले चेतकको नयाँ मोडलमार्फत फराकिलो ग्राहकवर्गको आवश्यकता पूरा गर्ने लक्ष्य रहेको बताए । गोल्छाले भने, 'चेतकको लाइनअप विस्तारसँगै नेपालमा हरित मोबिलिटीको क्षेत्रमा बजाजको यात्रा थप उत्साहजनक चरणमा प्रवेश गरेको छ । गत वर्ष चेतकले पाएको उत्साहजनक प्रतिक्रियापछि यी दुई नयाँ मोडलमार्फत बजाजले अझ फराकिलो ग्राहकवर्गको आवश्यकता पूरा गर्ने लक्ष्य राखेको छ । नेपाली राइडरहरूको बदलिँदो जीवनशैलीलाई ध्यानमा राखेर यी फरक डिजाइन र विशेषतायुक्त इलेक्ट्रिक स्कुटरहरू तयार गरिएका हुन् ।'

# प्रोटोन इ.मास ५ : नाइमा नेपाल मोबिलिटी एक्स्पोको आकर्षक

**काठमाडौं/मस-** नेपालका लागि प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्सले नेपाली बजारमा सार्वजनिक गरेको नयाँ कम्प्याक्ट इलेक्ट्रिक एसयुभी प्रोटोन इ.मास ५ नाइमा नेपाल मोबिलिटी एक्सपो २०२६मा विशेष आकर्षणको केन्द्र बनेको छ । साउन २६ देखि ३१ सम्म सञ्चालन हुने एक्स्पोमा हल 'बी'स्थित स्टल 'एल-६'मा नयाँ इ.मास ५ लाई नजिकबाट अवलोकन तथा बुकिङ गर्न सकिनेछ । सार्वजनिक भएसँगै अत्यधिक मात्रामा बुकिङ भइरहेको छ । यस एक्सपोमा पनि ग्राहक तथा अटो पारखीको व्यापक ध्यान खिचिरहेको छ ।

सेग्मेन्टमै पहिलोपटक रियर-ह्विल-ड्राइभ प्लेटफर्ममा आधारित यस गाडीमा सन्तुलित तौल वितरण, उत्कृष्ट ड्राइभिङ क्षमता, उच्च स्थायित्व तथा सहज नियन्त्रणको सुविधा छ । यी विशेषताले व्यस्त





सहरी सडकदेखि राजमार्ग र नेपालको पहाडीसडकमा पनि सुरक्षित र सहज यात्रा सुनिश्चित गर्न मद्दत गर्ने कम्पनीको विश्वास रहेको छ ।

आधुनिक जीवनशैलीलाई ध्यानमा राखेर डिजाइन गरिएको इ.मास ५मा सामान व्यवस्थापनका लागि तीनवटा स्मार्ट स्टोरेज सुविधा उपलब्ध छन् । यसमा ७० लिटर क्षमताको अगाडिको स्टोरेज, आफ्नो वर्गमै विशेष २८ लिटर क्षमताको सिटमुनिको स्टोरेज तथा २० लिटर क्षमताको सेन्टर कन्सोलमुनिको स्टोरेज समावेश गरिएको छ । यी सुविधाले दैनिक प्रयोगका सामग्री व्यवस्थित रूपमा राख्न तथा गाडीभित्रको स्थानको प्रभावकारी उपयोग गर्न सकिने कम्पनीले जनाएको छ । प्रोटोन इ.मास ५ प्राइम र प्रिमियम गरी दुई भेरियन्टमा उपलब्ध छ । कम्पनीले यसको अद्यावधिक बजार मूल्य प्राइम भेरियन्टका लागि ३२.९९ लाख र प्रिमियम भेरियन्टका लागि ३६.९९ लाख निर्धारण गरेको छ ।

# ग्लोबल आइएमई बैंकको नाइमा अफर, न्यूनतम ५.२५ प्रतिशत ब्याजदरमै अटो लोन

**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंकले नाइमा अटो एक्सपोको अवसर पारेर व्यक्तिगत गाडी कर्जामा विशेष छुट योजना सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको उक्त विशेष योजनाअनुसार नाइमा अटो एक्सपोमा नयाँ गाडी खरिद गर्ने ग्राहकले बैंकको आधारदरमा न्यूनतम शून्य दशमलव पाँच प्रतिशत प्रिमियम थपेर कर्जा पाउनेछन् । जसअनुसार, हालको आधारदरमा न्यूनतम ब्याजदर ५.२५ प्रतिशत ब्याजदर कायम हुन्छ । बैंकको आधारदर घटबढ भएअनुसार यो कर्जाको ब्याजदर पनि स्वतः समायोजन हुनेछ । साथै, बैंकले नाइमा अटो एक्सपोमा नयाँ इभी गाडी किन्ने ग्राहकका लागि ३ वर्षका लागि ५.९९ प्रतिशतको स्थिर ब्याजदरको योजना ल्याएको छ ।

३ वर्षपश्चात् उक्त कर्जाको दर बैंकको आधारदरमा अधिकतम २ प्रतिशत प्रिमियम थप हुनेछ । साथै, ग्लोबल आइएमई बैंकले नाइमा अटो एक्सपोमा आफ्नो स्टल राखी गाडी किन्न इच्छुक ग्राहकलाई कर्जा प्रक्रिया अगाडि बढाउने




व्यवस्था गरेको छ । बैंकको उक्त स्टलबाटै पनि ग्राहकले कर्जाको आवेदन दिन मिल्ने व्यवस्था बैंकले गरेको छ । ग्राहकहरूले कागजपत्र पूरा गरेपश्चात् बैंकले गाडी किन्नका लागि अधिकतम तीन दिनमै स्वीकृतिपत्र प्रदान गर्नेछ ।

# टाटाको नयाँ पञ्च इभी र टियागो इभी सार्वजनिक

**काठमाडौं/मस-** टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङले 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६'को अवसर पारेर नयाँ 'पञ्च इभी' र नयाँ 'टियागो इभी' सार्वजनिक गरेको छ ।

नयाँ पञ्च इभीको सुरुवाती मूल्य ३३ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ । तर, एक्स्पो अवधिभर बुकिङ गर्ने ग्राहकले यसलाई विशेष अफरअन्तर्गत ३२ लाख ९९ हजार रुपैयाँमै खरिद गर्न सक्नेछन् । त्यसैगरी, नयाँ टियागो इभीको सुरुवाती मूल्य २८ लाख ९९ हजार रुपैयाँ रहेको छ । एक्स्पोमा यी दुवै गाडी बुकिङ गर्ने ग्राहकका लागि कम्पनीले ११ वर्ष वा २ लाख २० हजार किलोमिटरसम्मको विस्तारित वारेन्टी सुविधा उपलब्ध गराएको छ । गाडी सार्वजनिक कार्यक्रममा बोल्दै सिप्रदी ट्रेडिङ प्रालिका प्रमुख कार्यकारी अधिकृत



राजनबाबु श्रेष्ठले भने, 'नेपालमा पछिल्लो प्रविधिसहितका विद्युतीय सवारीसाधन भित्र्याउन हामी प्रतिबद्ध छौं । नयाँ पञ्च इभी र टियागो इभी नेपाली बजारमा सार्वजनिक गर्नुले हाम्रो प्रतिबद्धतालाई अझ पुष्टि गरेको छ ।' दुवै गाडी फरक-फरक ग्राहकको आवश्यकता पूरा गर्ने गरी विकास गरिएको कम्पनीले जनाएको छ । इभीको नेटवर्क विस्तारसँगै आवश्यक पूर्वाधार निर्माणमा पनि सिप्रदीले जोड दिँदै आएको जनाएको छ । सिप्रदी ट्रेडिङका चिफ अपरेटिङ अफिसर राजेशप्रसाद गिरीले इभी बिक्रीसँगै सम्बद्ध सेवाको सञ्जाल बिस्तार गरिरहेको प्रस्ट पारे । विद्युतीय सवारीसाधनप्रतिको हाम्रो प्रतिबद्धता गाडी बिक्रीमा मात्र सीमित छैन । ग्राहकलाई इभीको प्रयोगमा थप विश्वास र सहजता दिलाउन हामी बलियो पूर्वाधार निर्माणमा पनि लगानी गरिरहेका छौं । हाल २१ भन्दा बढी इभी सर्भिस सेन्टर, ४० वटा डिसी चार्जिङ प्वाइन्ट र १५० भन्दा बढी एसी चार्जिङ प्वाइन्ट सञ्चालनमा छन् ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल